मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

‘जय ट्रफी’ को सम्पूर्ण तयारी पूरा




समाचार पृष्ठ ८ मा

वर्ष ३ | अंक ५६ | २०८१ साल पुष २१ गते आइतबार | Sunday 05, January 2025 | सूर्योदय: बिहान ६:५५ बजे | सूर्यास्त: साँझ ५:२६ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# संघीयता बलियो बनाउन संविधान संशोधनः निधि

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसका नेता बिमलेन्द्र निधिले लोकतान्त्रिक गणतन्त्र र संघीयता मजबुत बनाउन संविधान संशोधन हुनुपर्ने बताएका छन् । मधेश प्रदेशबाट नेपाल पत्रकार महासंघको निर्वाचनमा केन्द्र, प्रदेश तथा जिल्लामा निर्वाचित भएका पत्रकारको सम्मानमा जनकपुरधाममा आयोजित बधाई तथा शुभकामना कार्यक्रममा उनले यस्तो बताएका हुन् ।

उनले संघीयतालाई थप मजबुत बनाउन प्रदेशमा निजामती कर्मचारी तथा प्रहरी चाँडो समायोजन हुनुपर्ने र त्यसका लागि पनि संविधान संशोधन हुनुपर्ने बताए । उनले राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक र औद्योगिक उन्नयनमा जोड दिनुपर्ने बताए । कार्यक्रममा नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादव, पूर्वमन्त्री एवम् नेपाली कांग्रेसका नेता रामकृष्ण यादव, मधेश प्रदेशसभा सदस्य रामसरोज यादवसहितका नेताहरू सहभागी थिए ।

**सहमतिमा संविधान संशोधन**

उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले सबै पक्षको सहमतिमा संविधान संशोधन गर्नुपर्नेमा जोड दिएका छन् । नेपाली कांग्रेसका नेता सिंहले महोत्तरीको बर्दिबासमा पार्टी कार्यकर्तासँगको भेटमा वर्तमान सरकार संविधान संशोधन गर्ने सहमतिका साथ गठन भएको बताउँदै संसद्मा प्रतिनिधित्व गर्ने सबै दलसँग संविधान संशोधनका बारेमा पर्याप्त छलफल र गृहकार्य गर्नुपर्नेमा जोड दिए ।

उपप्रधानमन्त्री सिंहले स्थिर सरकारले नै मुलुकलाई विकास निर्माणको मार्गमा अग्रसर हुन योगदान गर्ने बताए । ‘यो सरकार प्रतिनिधिसभाको अर्को निर्वाचनसम्म रहनेछ,’ उनले भने, ‘वर्तमान सरकार बनेयता आमजनमानसमा अब बीचमा सरकार ढाल्ने र बन्ने खेल नहुने आश जागेको छ ।’ साथै उहाँले पार्टी कार्यकर्तालाई ऊर्जावान् भएर सङ्गठन विस्तारमा लाग्न आग्रह गरे ।

**भूमिसम्बन्धी समस्या समाधान हुनेछ**

उपप्रधानमन्त्री तथा शहरी विकासमन्त्री प्रकाशमान सिंहले भूमिसम्बन्धी समस्या समाधानका लागि बनेको भूमि समस्या समाधान आयोगले द्रुतगतिमा काम गर्ने बताएका छन् । रौतहटको चन्द्रपुर–१ बागमतीमा शनिबार आयोजित स्वागत तथा सम्मान कार्यक्रममा उनले भूमिहीनका समस्या देशैभर रहेकाले तिनको समाधानका लागि आयोगले परिणाम देखिने गरी काम गर्ने बताए ।

उपप्रधानमन्त्री सिंहले मधेश प्रदेशकै पर्यटकीय क्षेत्रका रूपमा विकसित हुँदै गएको यहाँको नुनथर क्षेत्रको विकासका लागि सरकारले सहयोग गर्ने र त्यसका लागि आवश्यक योजना बनाउन स्थानीय नेताहरुलाई आग्रह गरे । ‘सरकार देखिने र सुनिने गरी उपलब्धिमूलक काममा अग्रसर भइरहेको छ । जनताको हित हुने योजनाहरू बनाउनुस् । त्यसमा हाम्रो सहयोग रहन्छ । नुनथरको विकासका लागि पनि के गर्नुपर्छ योजनासहित आउनुस्, छलफल गरेर निष्कर्षमा पुगौँला,’ उनले भने ।

कार्यक्रममा चन्द्रपुर–१ का वडाअध्यक्ष बलराम राउतले आफ्नो वडाको समस्याबारे मन्त्री सिंहलाई जानकारी गराए ।

## जनकपुरमा अन्तर्राष्ट्रियस्तरको बसपार्क आवश्यक

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसका नेता एवं प्रतिनिधिसभा सदस्य विमलेन्द्र निधिले जनकपुरधाममा अन्तर्राष्ट्रियस्तरको बसपार्क निर्माण जरूरी रहेको बताएका छन् ।

शनिबार माँ जानकी यातायात प्रालिको छैटौँ वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशनमा उनले जनकपुरधाम महत्वपूर्ण धार्मिक पर्यटकीय क्षेत्र भए पनि व्यवस्थित बसपार्क नहुँदा समस्या भइरहेको भन्दै अन्तर्राष्ट्रियस्तरको बसपार्कको आवश्यकता औँल्याएका हुन् ।



पूर्वउपप्रधानमन्त्री निधिले देशको सबैभन्दा ठूलो रोजगारदाता क्षेत्रका रूपमा रहेको यातायात क्षेत्र र कार्यरत मजदुरको अधिकार संरक्षणका लागि आफ्नो निरन्तर सहयोग रहने प्रतिबद्धतासमेत व्यक्त गरे ।

विगतमा आफू भौतिक पूर्वाधार तथा यातायातमन्त्रीका रूपमा यातायात व्यवस्थापनलाई आधुनिक, व्यवस्थित र सर्वसुलभ बनाउन भएका सुधारका निर्णयहरूले यातायात प्रणालीलाई सबल बनाएको उल्लेख गरे । अध्यक्ष मनोजकुमार चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा विभिन्न वक्ताले आआफ्नो धारणा राखेका थिए ।

# वीरबहादुर माझीलाई मुख्यमन्त्रीको फोन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले नवजात शिशुको मृत्यु हुने गरेको पीडामा रहेका मिथिला नगरपालिका–१० लालगढस्थित माझी टोलका कृष्णबहादुर माझीसँग फोनमा कुरा गरेका छन् । काठमाडौँबाट प्रकाशित दैनिकमा शनिबार माझी टोलमा जन्मिएका नवजात शिशुको मृत्यु हुँदैआएको पीडाबाट थलिएकाहरूका बारेमा समाचार प्रकाशन भएपछि मुख्यमन्त्रीले माझी परिवारसँग कुरा गरेका हुन् । समाचारप्रति गम्भीर ध्यानाकृष्ट भएको जनाउँदै मुख्यमन्त्री सिंहले वस्तुस्थितिबारे जानकारी लिन प्रेस सल्लाहकार अनिलकुमार कर्ण र स्वकीय सचिव रविन सिंहलाई शनिबार नै माझी टोल पठाएका थिए ।

मुख्यमन्त्री सिंहका प्रेस सल्लाहकार कर्णले माझी टोलका पीडित भनिएकासँग दैलौमे पुगेर नवजात शिशुको मृत्यु हुने गरेका घटनाबारे जानकारी लिए । मुख्यमन्त्री सिंहले पीडित भनिएका कृष्णबहादुर माझीसँग फोनमार्फत कुरा गर्दै त्यसटोलमा जन्मिएका कतिपय बच्चाको दुईचार महिनामै अकालमा मृत्यु हुने गरेको घटनाका कारण पहिचान तथा समाधानका लागि विशेषज्ञ चिकित्सक सम्मिलित मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको टोली माझी टोलमा पठाइने बताए । उनले कृष्णबहादुरको नवजात शिशुको एक महिनाअघि भएको निधनप्रति शोक व्यक्त गर्दै अकालमा कुनै पनि शिशुको ज्यान गुम्ने स्थितिलाई रोक्न प्रदेश सरकारले हरसम्भव प्रयास गर्ने उल्लेख गरे । उनले भने, ‘अहिले यो स्थितिका विषयमा चिकित्सकीय अध्ययन गर्न विशेषज्ञ चिकित्सकसहितको टोली आइतबार पठाउँदैछु । टोलीले दिने प्रतिवेदनका आधारमा माझी टोलमा आमाबच्चा लगायतलाई उपचार तथा अन्य राहत कार्यको प्रबन्धन प्रदेश सरकारले गर्नेछ ।’

माझी टोलमा दुइटा श्रीमतीबाट पाएका १५ सन्तानमध्ये १० को ज्यान गुमेका वीरबहादुर माझीलगायतका व्यक्तिसँग मुख्यमन्त्रीका प्रेस सल्लाहकार कर्णले भेटेका थिए । उनले वंशानुगत, रहनसहन, उपचार अभावमध्ये कुन कारणले नवजात शिशुको मृत्यु भएको भन्ने विषयमा प्रदेश सरकारको स्वास्थ्य टोलीले यकिन गरेपछि माझी टोलमा प्रवद्र्धनात्मक, नियन्त्रणात्मक तथा उपचारात्मक कार्य सरकारले अघि बढाउने जानकारी दिए ।

आइतबार मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको संयोजनमा प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको अस्पताल विकास तथा चिकित्सा महाशाखाका प्रमुख वर्षा प्रकाश, प्रतिष्ठानका वरिष्ठ स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. रुबी सिंहलगायतका चिकित्सा अधिकारीको टोली आइतबार माझी बस्तीमा जाने प्रतिष्ठानका उपकुलपति डा.अंकुर साहले जानकारी दिए ।

## कांग्रेस एमालेबाटै मुख्यमन्त्रीलाई असहयोग



*मधेश प्रदेशको नेतृत्व गरिरहेको जनमत पार्टीले सत्ता गठबन्धनकै ठूला दल नेपाली कांग्रेस र एमालेले प्रदेश सरकारलाई असफल बनाउन संगठित घेराबन्दी गरेको आरोप लगाएको छ । जनमतले आठ बुँदे धारणामा सार्वजनिक गर्दै सत्ताधारी ठूला दलका मन्त्रीहरुले मुख्यमन्त्री सतिश कुमार सिंहलाई घेराबन्दी गरेको गुनासो गरेको हो ।*

*उसले गठबन्धन दलका मन्त्रीहरु अनियमिततामा संलग्न हुने गरेको गम्भीर आरोपसमेत लगाएको छ । ‘कुनै पनि मन्त्रालयका मन्त्रीहरूले मुख्यमन्त्रीलाई नटेर्ने, अनियमिततामा संलग्न हुने, तैपनि मुख्यमन्त्रीले ठूला दलको अनुमतिबिना उनीहरूलाई बरखास्त गर्न नसक्ने बाध्यता रहेको ५ नम्बर बुँदामा उल्लेख छ । जनमत नेतृत्वको सरकारलाई असफल देखाउन सरकारमै रहेको दल एमाले र कांग्रेसले योजनाबद्ध गतिविधि गरिरहेको जनमतको आरोप छ । अहिलेसम्म पुँजीगत बजेट खर्च हुन नसक्नुमा कांग्रेसका सुनिलकुमार यादवले सम्हालेको अर्थ मन्त्रालय बाधक रहेको पनि आरोप जनमतले लगाएको छ ।*

# इँटा व्यवसायीको हत्या शव गाडेको अवस्थामा फेला

*पुस १५ गते बिहान ‘बरहथवामा पैसा लिन जान्छु’ भनेर हिँडेका प्रसाईं ‘एकैछिनमा आइहाल्छु’ भन्दै घरबाट निस्किएका थिए । प्रसाईं साँझ अबेरसम्म पनि नफर्किएपछि परिवारले खोजी गरेका थिए । कतै फेला नपरेपछि पुस १६ गते बिहान इलाका प्रहरी कार्यालय हरिवनमा निवेदन दर्ता भएको प्रहरी नायव उपरीक्षक दीपक श्रेष्ठले बताए ।*

**मधेशदृष्टि**
**सर्लाही ।**
‘एकैछिनमा आउँछु है’ भनेर घरबाट निस्किएका ३९ वर्षीय हरिप्रसाद प्रसाईं घर फर्किएनन् । फर्किएनन् मात्र होइन, उनी अब कहिल्यै फर्कन्नन् । हरिवनबाट छ दिनदेखि सम्पर्कविहीन प्रसाईंको हतया गरेर गाडेको अवस्थामा शनिबार शव फेला परेको छ ।

हरिवन नगरपालिका–१० का प्रसाईंको हत्या गरी उखुबारीमा गाडेको अवस्थामा शनिबार शव फेला परेको प्रहरीले जनाएको छ । उखुबारीमा गाडेको अवस्थामा फेला परेको शवको टाउकोमा चोट देखिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले जानकारी दिए । प्रसाईं पुस १५ गतेदेखि बेपत्ता थिए । पुस १५ गते बिहान ‘बरहथवामा पैसा लिन जान्छु’ भनेर हिँडेका प्रसाईं ‘एकैछिनमा आइहाल्छु’ भन्दै घरबाट निस्किएका थिए । प्रसाईं साँझ अबेरसम्म पनि नफर्किएपछि परिवारले खोजी गरेका थिए । कतै फेला नपरेपछि पुस १६ गते बिहान इलाका प्रहरी कार्यालय हरिवनमा निवेदन दर्ता भएको प्रहरी नायव उपरीक्षक श्रेष्ठले बताए ।

‘परिवारले १६ गते बेपत्ता भनेर निवेदन दर्ता गरेपछि प्रहरीले उहाँको निरन्तर खोजी गरिरहेको थियो,’ श्रेष्ठले भने, ‘खोजतलासक्रममा उहाँले लगाएको जुत्ता फेला परेपछि प्रदेश प्रहरी कार्यालयबाट कुकुर ल्याएर खोजी गरेका थियौँ । पुस १८ गते सोही वडाको नहर छेउमा मोटरसाइकल र च्यातिएको फोटोसमेत फेला परेको थियो । त्यसपछि १९ गते घटनास्थलको केही किलोमिटरको दूरीमा पर्स फेला परेपछि खोजी तीव्र पारिएको थियो । आज उखुबारीमा शव गाडेको अवस्थामा फेला परेको हो ।’ उनका अनुसार प्रादेशिक अस्पतालका चिकित्सक र जिल्लाका सुरक्षा अधिकारी, सरकारी वकिलसमेतको उपस्थितिमा खाल्डो खनेर शव निकालिएको छ । प्रारम्भिक मुचुल्कापछि शव परीक्षणका लागि प्रादेशिक अस्पताल मलङ्गवा पु¥याइएको छ । घटनामा संलग्न भएको आशङ्कामा प्रहरीले केही व्यक्तिलाई पक्राउ गरेर अनुसन्धान शुरु गरेको छ । अनुसन्धान कार्यमा बाधा पुग्ने भन्दै उनीहरूको पहिचान गोप्य राखिएको प्रहरीले जनाएको छ । प्रसाईंको हत्यापछि गाउँ त्रासमा बढेको छ । मृतक प्रसाईंले इँटा भट्टा सञ्चालन गर्दै आएका थिए ।

## बुहारीको हत्याआरोपी १६ वर्षपछि पक्राउ



*बुहारीका हत्याका आरोपी रौतहट, कटहरिया नगरपालिका–१ का ५२ वर्षीय जितन महतो नुनियालाई १६ वर्षपछि पक्राउ गरिएको छ । जिल्ला प्रहरी कार्यालय रौतहटका सहप्रवक्ता इन्स्पेक्टर उमाशंकर प्रसादका अनुसार, जितनलाई जिल्ला अदालत गौरबाट म्याद थप गराइ थप अनुसन्धान भइरहेको छ । महतोले २०६५ पुस २४ गते भाइ हरिराम महतोको श्रीमती २२ वर्षीया शारदा देवीको हत्या गरी शव बेपत्ता पारेर फरार भएका थिए । घटनाको अनुसन्धान गर्दै जाँदा हत्या गरिएको ३ दिनपछि पुस २७ गते खेतमा गाडेको अवस्थामा प्रहरीले शारदाको शव फेला परेको थियो । घटना भएदेखि नै फरार महतोलाई खोजतलास गर्दै शुक्रबार पक्राउ गर्न सफल भएको जिल्ला प्रहरी कार्यालय रौतहटको सूचनामा उल्लेख छ ।*

# प्रदेश सरकारद्वारा आठै जिल्लामा कम्बल वितरण

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषालगायत मधेशका जिल्लामा बाक्दो हुस्सु र कुहिरो लाग्न थालेपछि अत्यधिक चिसो बढ्न थालेको छ । चिसोबाट बच्न न्यायो लुगा लगाएर अत्यावश्यक काममा मात्रै घरबाहिर निस्किन र झोलिलो खानेकुरा खान चिकित्सकले सुझाव दिएका छन् । विशेषगरी बालबालिका, वृद्धवृद्धा, दम तथा रुघाखोकीका बिरामी समस्यामा पर्ने भएकाले सतर्कता अपनाउन चिकित्सक चन्देश्वर महासेठको सुझाव छ ।

‘यसका साथै बाथ तथा गेठियाका रोग लागेका बिरामीलाई चिसोका कारण थप समस्या बढ्ने जोखिम हुन्छ । चिसोबाट जोगिन बिहानको समयमा मर्निङ वाक नगर्न र गर्नै परे शरीर ढाकिने गरी न्यानो लुगा लगाउन आवश्यक छ,’ महासेठले भने ।

प्रादेशिक अस्पताल जनकपुरधामका निर्देशक डा. जामुनप्रसाद सिंहले केही दिनदेखि अत्यधिक चिसो बढेकाले उच्च सतर्कता अपनाउन आग्रह गरे । ‘अस्पतालमा रुघाखोकी, ज्वरो, कोल्ड डायरियाका बिरामी बढेका छन् । जनकपुरधाम क्षेत्रमा बिहानदेखि कुहिरो लाग्ने गरेको छ । यो क्रम अझै केही दिन कायम रहे थप चिसो बढ्ने अवस्था छ । त्यसैले विशेष सतर्कताका लागि हाम्रो आग्रह छ,’ उनले भने ।

चिसो बढ्दै गएपछि प्रदेश सरकारले दाउरा तथा कम्बल वितरणका लागि पहल गरिरहेको जनाइएको छ । प्रदेशको गृह, सञ्चार तथा कानून मन्त्रालयका प्रवक्ता दीपेन्द्रकुमार यादवले सबै जिल्लामा कम्बल पठाइसकिएको बताए । चिसोबाट बच्न अपनाउनुपर्ने सावधानीबारे चेतनामूलक कार्यक्रम पनि सञ्चालन गर्ने तयारी भइरहेको उनले जानकारी दिए ।

# मेयर खातुनद्वारा विद्यालय भवन शिलान्यास




**मधेशदृष्टि**
**रौतहट ।**
फतुवा बिजयपुर–४ टेंग्राहास्थित माध्यमिक विद्यालयमा कार्यवाहक नगर प्रमुख अम्बेया खातुन र वडाअध्यक्ष गौरव यादवले संयुक्तरुपमा विद्यालय भवन शिलान्यास गरेका छन् । राष्ट्रपति शैक्षिक सुधार योजनाअन्तर्गत स्थानीय सरकारको सहयोगमा निर्माण हुन लागेको चारकोठे विद्यालय भवन ५५ लाख रुपैयाँको लागतमा निर्माण हुनलागेको प्रधानाध्यापक अनिल कुमार यादवले बताए ।

# पत्रकार पुडासैनीको अन्त्येष्टि



**नुवाकोट ।**
हृदयघातका कारण निधन भएका नुवाकोटको बेलकोटगढी नगरपालिका–९ निवासी पत्रकार श्यामसुन्दर पुडासैनीको शनिबार अन्त्येष्टि गरिएको छ ।
काठमाडौँको कपनस्थित कोठामा शुक्रबार राति १० बजे अचेत भएका ३३ वर्षीय पत्रकार पुडासैनीलाई उपचारका लागि चाबहिलस्थित हेल्पिङ ह्यान्डस अस्पतालमा पु¥याएलगत्तै निधन भएको थियो ।
शिक्षण अस्पतालमा शवको परीक्षणपश्चात् उनलाई तादी र त्रिशूली नदीको सङ्गम देवीघाट नुवाकोटमा अन्त्येष्टि गरिएको हो ।
दाहसंस्कार गर्नुअघि उनको पार्थिव शरीरमा नेपाल पत्रकार महासङ्घ नुवाकोट जिल्ला शाखाका अध्यक्ष नमराज सुवेदीसहित जिल्लास्थित पत्रकार, शुभचिन्तकलगायत व्यक्तिले अन्तिम श्रद्धाञ्जली दिएका थिए ।
नेपाल भ्युज अनलाइनमा कार्यरत पुडासैनी शुक्रबार कार्यालयको काम सकेर कपनस्थित आफ्नो निवासमा फर्केलगत्तै हृदयघातका कारण अचेत भएका थिए ।
नुवाकोटबाट तेह्र वर्षअघि पत्रकारिता शुरु गरेका उनी यस अवधिसम्म एक दर्जनभन्दा बढी छापा, रेडियो, टिभी र अनलाइन माध्यममा आबद्ध भएर जोखिमपूर्ण खोज पत्रकारितामा सक्रिय थिए ।

# समाचार पूर्वाग्रही भयोः व्यवसायी

**मधेशदृष्टि**
**रौतहट ।**
कटहरिया बजारका व्यवसायी रामचन्द्र साह कलवारले पूर्वाग्रहीरुपमा आफूविरुद्ध समाचार आइरहेको गुनासो गरेका छन् । नियमपूर्वक मलखाद वितरण गर्ने, कुनै किसिमको नक्कली मलखाद बिक्री वितरण नगर्ने भए पनि एकजना पत्रकारले पूर्वाग्रही रुपमा आफूलाई बदनाम गराउन समाचार लेखिरहेको गुनासो गरेका हुन् ।
जहरीमाई कृषि सहकारी संस्थाका सञ्चालक कलवारले शनिबार पत्रकार सम्मेलन गरेर दुःखेसो पोखेका थिए । सहकारीका नाममा आउने मलखाद नियमपूर्वक सम्बन्धित वडाका अध्यक्षको रोहबरमा वितरण गर्दा पनि आफ्नो स्वार्थपूर्तिका लागि आफूलाई बदनाम गर्न खोजिएको कलवारले बताए ।
बारम्बार एउटै विषयलाइ लिएर आफूलाई बदनाम गर्न थालेपछि बाध्य भएर आफूले प्रतिवाद गरेको बताए । वीरगंजबाट आधिकारिक बिक्रेतासँग भ्याट बिलमा चिनियाँ मलखाद खरिद गरी ल्याएर बिक्री गर्दा दुई नम्बर बनाइ बिक्री वितरण गर्नें गरेको, जनतालाई मलखाद नदिने गरेको र तस्करी गर्नेजस्ता आरोप निराधार रहेको प्रष्ट पारेका छन् ।



कटहरिया म्यूजिकल एफएमका प्रकाश श्रेष्ठले माग गरेअनुसार आर्थिक सहयोग गर्न असमर्थता जनाउँदा आफनो नाम जोडेर बदनाम गरिएको कलवारले आरोप लगाए । कटहरियास्थित ३ वटा वडामा आफूहरुले चलाउने तीनवटै सहकारी संस्थाबाट नियमअनुसार मलखाद वितरण गरेको उनले दाबी गरे । सम्बन्धित वडासँगै कृषि शाखा कटहरियाको सिफारिस गरी अनलाइन गरेर मात्र मलखाद विरतण गर्ने गरेको सहकारी सञ्चालक कलवारले स्पष्ट पारे ।
'यदि गलत गरेको हो, नक्कली मलखाद बिक्री वितरण गरेको हो भने सम्बन्धित निकायले छानबिन गरी कारबाही गरोस्,' उनले भने, 'पटकपटक विभिन्न निकायबाट अनुगमन आउँदा यहाँका अधिकांश पसल बन्द हुन्छन् तर आफूले सदैव सेवा दिँदै आएको छु ।' उनले भ्याटदेखि नेपाल सरकारको सबै प्रक्रिया पूरा गरेर पसल सञ्चालन गरेकाले गलत हूँ भने तपाईंहरू नै अनुगमन गरी कारबाही गर्नुस् भन्दै आग्रह गरे ।
उता, म्यूजिकल एफएमका पत्रकार श्रेष्ठले व्यवसायीको आरोप खण्डन गर्दै समाचार लेखेकै कारण व्यवसायी रामचन्द्रले आफूलाई फोनमार्फत विभिन्न धम्की दिएको बताए । यसै विषयलाइ लिएर नेपाल पत्रकार महासंघ रौतहटले प्रेस विज्ञप्ति निकालेर घटनाको सत्यतथ्य छानबिन गर्न माग गरेको छ । महासंघका सचिव गौतम श्रेष्ठद्वारा हस्ताक्षरित विज्ञप्तिमा घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको र समाचारका विषयमा चित्त नबुझे कानूनी उपचार विधि र प्रक्रिया हुँदाहुदै धमकी दिनु प्रेस स्वतन्त्रता र पत्रकारको पेशागत मर्यादामाथि गम्भीर आक्रमण भएको महासंघको ठहर भएको उल्लेख गरेका छन् ।
घटनाको छानबिन गरी दोषीउपर कानूनी कारबाही गर्न तथा समाचारका विषयमा आउने यस्ता धाकधमकीपूर्ण कार्य बन्द गर्न र जनताको सूचनाको हक स्थापित गर्न महासंघले सबैमा अनुरोधसमेत गरेको छ ।

# समय नपुगी जन्मिएका बच्चाको आँखामा जोखिम उच्च

**बुनु थारु**
**काठमाडौँ ।**
बत्तिस सातामै जन्मिएका जुम्ल्याहा बच्चामध्ये एक जनामा आँखासम्बन्धी समस्या देखियो । चिकित्सकले ती बच्चाहरुलाई ४५ हप्ता नपुगुञ्जेल 'फलोअप' गरिराखे । समयमै आँखा जाँच गराइएकाले समस्या जटिल हुन पाएन । हाल यी बच्चा तीन वर्षका भइसकेका छन् । यद्यपि आँखासम्बन्धी समस्या निको नभएकाले पावरवाला चश्मा लगाइरहेका छन् ।
यसैगरी सात महिनामै जन्मिएका एक बच्चाको पनि आँखामा समस्या देखियो । बच्चा उमेर छ महिना पुग्दै गर्दा आँखामा सेतो चिह्न देखिन थाल्यो । आँखामा जटिल समस्या देखिएपछि उपचारका लागि केही समय अस्पतालको सघन उपचार कक्षमा राखियो । तर आँखाको पर्दा उप्किसकेकाले बच्चा अन्धोपनको शिकार हुनुप¥यो ।
यी त प्रतिनिधि घटना हुन् । दस महिना नपुगी जन्मने बच्चामा आँखासम्बन्धी समस्या देखिने सम्भावना बढी भएको चिकित्सक बताउँछन् । बाल नेत्ररोग विशेषज्ञ डा सिर्जना अधिकारीका अनुसार ती दुवै बच्चाको आँखामा देखिएको समस्या 'रेटिनोप्याथी अफ प्रिम्याचुरिटी' (आरओपी) हो । यो समस्या समय अगावै जन्मिएका नवजात शिशुहरुको आँखामा देखिन सक्छ । समयमै उपचार नगरिए अन्धोपनको सम्भावना भए पनि समयमै उपचार भयो भने निको पनि हुनसक्छ ।
डा अधिकारी भन्छिन्, '९९ प्रतिशत आरओपीमा दुई वटै आँखामा समस्या गराउँछ । समयमा उपचार पाएन भने बच्चा दृष्टिविहीन हुनसक्छन् ।' यसको समस्या बढ्दै गएमा बच्चाको दृष्टि कमजोर हुने, आँखा घुम्ने, सेतो देखिनेलगायतका लक्षण देखिन सक्दछन् । 'अभिभावकले बच्चाले अनुहारमा हेरेको जस्तो लाग्दैन भनेर लिएर आउनुहुन्छ । तीन महिना भइसक्दा बच्चामा केही चिजहरु हेर्ने, पछ्याउने गर्छन् । तर आरओपीको समस्या भएका बच्चामा दृष्टि आउँदैन । पर्दा उप्किएर अगाडि आइसकेपछि सेतो देखिन्छ । अनुहार हेरेर नहाँस्ने, कुनै चिज दिँदा नहेर्ने, बत्तीतिर मात्र हेरेर टोलाउनेजस्ता लक्षण देखिन सक्छन् ।' सामान्यतया बच्चा पेटमा ४० हप्तासम्म बस्छन् । 'आरओपी' को जोखिम भने समय अगावै जन्मिएका बच्चामा देखिन्छ । समय अगावै जन्मिएका, दुई केजीभन्दा कम तौल भएका बच्चामा यो समस्या देखिने गरेको रेटिना स्पेशलिष्ट डा इली प्रधान बताउँछिन् ।
डा प्रधानले एकमहिनाभित्रै पहिचान गरी उपचार गर्न सकिएमा बच्चाको आँखा जोगिन सक्ने बताउँछिन् । 'छिट्टै पहिचान भयो भने यसको उपचार सम्भव छ । समय अगावै जन्मिने २० देखि २८ प्रतिशत बच्चामा आरओपीको प्रकोप देखिन्छ,' उनले भनिन् । बाल नेत्ररोग विशेषज्ञ डा अधिकारीले सबैभन्दा महत्वपूर्ण विषय स्क्रिनिङ (पहिचान) भएको उल्लेख गर्दै समय अगावै जन्मिने बच्चाको एक महिनाभित्र अनिवार्य स्क्रिनिङ गर्नुपर्ने सुझाव दिन्छिन् । उनले भनिन्, 'समय नपुगी जन्मिएका सबै बच्चाहरु यसको जोखिममा हुँदैनन् । सबैमा जटिल समस्या देखिन्छ भन्ने पनि हुँदैन । करिब सात–आठ प्रतिशतलाई भने उपचार चाहिन्छ । यसको उपचार सम्भव छ तर जतिबेला गरेर हुँदैन । चाहिने समयमा गर्नुपर्छ ।'
यस्तो समस्याको उपचार सुई, लेजर प्रविधिद्वारा गरिन्छ । तिलगङ्गा आँखा प्रतिष्ठानमा महिनामा २० देखि २५ जनासम्म यसप्रकारको समस्या लिएर आउने गरेको अस्पतालको भनाइ छ । रेटिना स्पेशलिष्ट डा प्रधान भन्छिन्, 'कतिपय बच्चा घरमै पनि जन्मिएका छन् भने पनि स्वास्थ्यकर्मीले एक महिनाभित्र आँखा जाँचका लागि सुझाव दिनुपर्छ । आँखाको जाँच भनेको चश्मा जाँच मात्र होइन नानी फुलाएर हेर्नुपर्छ । समयमा हेरेर उपचार गर्न सकियो भने आँखा बचाउन सकिन्छ ।'
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्याङ्कअनुसार नेपालमा मात्रै वार्षिक आठ लाख १० हजार शिशु समयअघि नै जन्मिन्छन् । जसमध्ये चार हजार तीन सय शिशुको पाँच वर्षको उमेर नपुग्दै मृत्यु हुन्छ । मन्त्रालयका अनुसार ३७ हप्ताभन्दा अघि जन्मिएका शिशुहरु जन्मने क्रममा कम तौल भए वा अक्सिजनको मात्रामा कमी देखिए आरओपीका लागि जोखिम उच्च रहने गरेको पाइएको छ । तर यो समस्याको समयमै पहिचान भए उपचार सम्भव छ । यसै कारणले शिशु जन्मिएको २८ दिनभित्र आँखारोग विशेषज्ञसँग परामर्श गर्न चिकित्सकले सल्लाह दिँदै आएका छन् ।
नवजात शिशुरोग विशेषज्ञ डा सुनिल राजा मानन्धरका अनुसार यो समस्यासम्बन्धी पर्याप्त मात्रामा जनचेतना नपुग्दा अभिभावकहरु ढिलो अस्पताल आइपुग्छन् । उनी भन्छन्, 'सबैमा नभए पनि समय नपुगी जन्मिएका अधिकांश बच्चाहरुमा विभिन्न खालका सङ्क्रमण र जोखिम हुन्छ । आँखाको जाँच अनिवार्य हो । हामी कहाँ अस्पताल ढिलो आइपुग्नुहुन्छ । एक महिनाभित्र आँखा जाँच गराए उपचार सम्भव छ ।' रासस

# सामुदायिक विद्यालयमा शिक्षकको क्षमता विकास हुँदै

**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकाको शिक्षा विभागले जाडो बिदाका समयमा सामुदायिक विद्यालयका शिक्षकहरूलाई क्षमता विकाससम्बन्धी तालिममा सहभागी हुन आह्वान गरेको छ । 'टिचर कलेज कार्यक्रम'अन्तर्गत सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षकहरूलाई क्षमता विकाससम्बन्धी तालिम दिन लागिएको हो ।
तालिका माध्यमबाट क्षमता विकास गराएर शिक्षकले प्राप्त गरेको योग्यतालाई विश्वविद्यालयबाट प्रमाणीकरण गराउने योजनाअन्तर्गत तालिम सञ्चालन गर्न लागिएको कामपाको सहरी योजना आयोगका सदस्य एवम् इञ्जिनियर शैलेन्द्र झाले जानकारी दिए । सामुदायिक विद्यालयको नतिजा सुधार गर्न शिक्षकको क्षमता विकासमा लगानी गर्नुपर्ने भएकाले तालिम सञ्चालन गर्न लागिएको उनले बताए ।
झाका अनुसार शैक्षिक क्रियाकलापमा असर नहुने गरी बिदाको समय उपयोग गर्न लागिएको हो । शिक्षकको क्षमता विकास गराएर शैक्षिक क्रियाकलापलाई सिर्जनात्मक, एकीकृत सीप र व्यवहारमा आधारित बनाउने लक्ष्य राखिएको बताउँदै यसको नतिजा विद्यार्थीहरूको शैक्षिक प्रमाणपत्र र व्यावहारिक सीपमा प्राप्त हुने उनले विश्वास व्यक्त गरे । यसअन्तर्गत पुस २१ र २२ गते कक्षा १० का गणित, विज्ञान, सामाजिक, नेपाली, अङ्ग्रेजी, अर्थशास्त्र विषयका शिक्षकहरूलाई तालिम दिइने योजना आयोगका सदस्य झाले जानकारी दिए । उनका अनुसार पुस २३ देखि माघ ७ गतेसम्म कक्षा १० का इच्छुक विद्यार्थीका लागि गणित, सामाजिक, विज्ञान, अर्थशास्त्रलगायत विषयमा सिकाइ कक्षा सञ्चालन हुनेछन् ।
एसइई लक्षित सिकाइमा अवस्थाअनुसार विद्यार्थीको वर्गीकरण गरिनेछ । सिकाइ सहयोग, प्रविधिमार्फत सिकाइ, शिक्षण प्रबन्ध प्रणालीको उपयोग, समूहगत सिकाइ, परियोजना कार्यमा आधारित सिकाइ कक्षाका ढाँचा हुने कामपाको सहरी योजना आयोगले जनाएको छ । पुस २३ देखि २८ गतेसम्म प्रारम्भिक बाल विकास शिक्षाका सहजकर्ताहरूको तालिम हुनेछ । पुस २४ देखि माघ ४ गतेसम्म पुस्तकरहित शुक्रबारका सिर्जनात्मक सिकाइ र शिक्षामा सीप कार्यक्रमसँग सम्बन्धित सम्पर्क (फोकल) शिक्षकहरूका तालिम हुनेछन् । पाठ्यक्रममा सहभागितामूलक प्रतिबिम्बन, सञ्चालन मार्गदर्शन प्रतिबिम्बन, प्राविधिक क्षमता अभिवृद्धि तालिमका विधि हुने योजना आयोगका इञ्जिनियर झाले बताए ।
आगामी माघ ५ देखि ७ गतेसम्म शिक्षकका लागि मनोसामाजिक परामर्श र 'क्यारियर गाइड म्यापिङ' तालिम हुनेछ । माघ २ देखि ७ गतेसम्म कक्षा १ देखि ३ सम्मका शिक्षकहरूका लागि एकीकृत पाठ्यक्रम तथा निर्माणात्मक मूल्याङ्कनसम्बन्धी तालिम हुनेछन् । रचनात्मक विद्यालय विकास कार्यक्रमको खेलकुद प्रशिक्षण कार्यक्रम भने पुस २४ देखि माघ ८ गतेसम्म हुनेछ ।
सामुदायिक विद्यालयमा यही पुस १८ गते शुरु भएको बिदा माघ ८ गतेसम्म रहनेछ । यस अवधिलाई शैक्षिक सत्र २०८१ को कार्ययोजनाअनुसार पढाइमा असर नहुने गरी खेलकुदका कार्यक्रम पनि हुने कामपाको सहरी योजना आयोगले जनाएको छ । रासस


**TOURISM DEVELOPMENT OFFICE**
**Lahan, Siraha**

**Invitation for Electronic Bids**

**First Date of Publication: B.S. 2081/09/21 (05th Jan, 2025)**

1. Tourism Development Office, Lahan, Siraha invites electronic bid from Nepalese eligiblebidders for the following worksunder National Competitive Bidding procedures.

| SN | Contract No. | Description of works/Name of Project | Bid Document price (Non-refundable) | Bid security Amount in (NRS)/ Validity Period | Bid Validity Period |
|---|---|---|---|---|---|
| 1 | 1/NCB/WORKS/TDOSIRAHA/2081/82 | ChhinasmastaGapaChhinamasta Mandir Prangan Ma Awasayak Nirman Karyaharu | Nrs. 3,000/- | 2,25,500/- 120 Days | 90 Days |
| 2 | 2/NCB/WORKS/TDOSIRAHA/2081/82 | SirahaNagarpalika 12 SarswarnathMandirkoCompound wallAwamSaundaryakaranra Dharamsala Nirmaan | Nrs. 3,000/- | 1,74,200/- 120 Days | 90 Days |

2. For details, bidders are advised to visit website: www.bolpatra.gov.np/egp or may visit office.

**Basant Kumar Das**
Under Secretary
Office Chief





**शीतलहर तथा चिसोबाट बच्ने उपायहरू**

**प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन। जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं।**

**सिरहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सिरहा, मधेश प्रदेश, नेपाल**

# चिसो बढेसँगै सतर्कता अपनाउन आग्रह



**मधेशदृष्टि**
**वीरगंज**

वीरगंजलगायत तराई मधेशका जिल्लामा बाक्लो हुस्सु र कुहिरो लागेसंगै अत्याधिक चिसो बढेको छ । चिसोका कारण यहाँको जनजिवन प्रभावित हुँदै गएको छ । वीरगंजमा चिसो बढ्दै गएपछि वीरगंज महानगरपालिकाले नगरका विभिन्न क्षेत्रहरुमा दाउरा वितरण गर्न थालेको छ । शनिबार बिहान महानगरपालिकाले नारायणी अस्पताल, नयाँ बसपार्क चौक, घण्टाघर चौक, माईस्थान चौक, मुर्ली चौक, पावरहाउस चौक, जिल्ला समन्वय समिति अगाडि चौक, मालपोत चौक, श्रीराम हल चौकलागयतका सार्वजनिकस्थलहरुमा दाउरा वितरण गरेको नगर प्रमुख राजेशमान सिंहले जानकारी दिए । जाडोका कारण गाउँबाट आउने व्यक्तिहरुलाई चिसो मौसममा न्यानो प्रदान गर्ने उदेश्यले विभिन्न ठाउँहरुमा नगर प्रहरी र कर्मचारीहरुलाई खटाएर आगो बाल्ने कार्य गरिरहेको उनले बताए । यसले केही हदसम्म उनीहरुलाई राहत पुग्ने भन्दै सबै वडाहरुमा यस कार्यलाई निरन्तरता दिने उनको भनाई छ ।

यसैबीच चिसोबाट बच्न न्यायो लुगा लगाएर अत्यावश्यक काममा मात्रै घरबाहिर निस्किन र झोलिलो खानेकुरा खान चिकित्सकले सुझाव दिएका छन् ।

विशेषगरी बालबालिका, वृद्धवृद्धा, दम तथा रुघाखोकीका बिरामी समस्यामा पर्ने भएकाले सतर्कता अपनाउन चिकित्सक चन्देश्वर महासेठको सुझाव छ । 'यसका साथै बाथ तथा गेठियाका रोग लागेका विरामीलाई चिसोका कारण थप समस्या बढ्ने जोखिम हुन्छ ।

चिसोबाट जोगिन बिहानको समयमा मर्निङ वाक नगर्न र गर्नै परे शरिर ढाकिने गरी न्यानो लुगा लगाउन आवश्यक छ', महासेठले भने । प्रादेशिक अस्पताल जनकपुरधामका निर्देशक डा जामुनप्रसाद सिंहले केहीदिन देखि यहाँ अत्यधिक चिसो बढेकाले उच्च सतर्कता अपनाउन आग्रह गरे । 'अस्पतालमा रुघाखोकी, ज्वरो, कोल्ड डायरियाका बिरामी बढेका छन् । जनकपुरधाम क्षेत्रमा बिहानदेखि कुहिरो लाग्ने गरेको छ । यो क्रम अझै केही दिन कायम रहे थप चिसो बढ्ने अवस्था छ । त्यसैले विशेष सतर्कताका लागि हाम्रो आग्रह छ', उनले भने । चिसो बढ्दै गएपछि प्रदेश सरकारले दाउरा तथा कम्बल वितरणका लागि पहल गरिरहेको जनाइएको छ । प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालयका प्रवक्ता दीपेन्द्रकुमार यादवले सबै जिल्लामा कम्बल पठाइसकिएको बताए । चिसोबाट बच्न अपनाउनुपर्ने सावधानीबारे चेतनामूलक कार्यक्रम पनि सञ्चालन गर्ने तयारी भइरहेको उनले जानकारी दिएका छन् ।

# छ महिनामा लहान नगरपालिकाको पुँजीगत खर्च तीन प्रतिशत

**मधेशदृष्टि**
**सिरहा ।**




चालु आर्थिक वर्ष २०८१/०८२ को झण्डै छ महिना बित्दा लहान नगरपालिकाको पुँजीगत खर्च तीन दशमलव ४५ प्रतिशतमात्रै भएको छ । शुक्रबार नगरपालिकाको १५औँ हिउँदे नगरसभामा नगरप्रमुख महेशप्रसाद चौधरीले १४औँ नगरसभाबाट पारित नीति तथा कार्यक्रमको विस्तृत खर्च समीक्षा गर्दै उक्त विवरण प्रस्तुत गरेका हुन् ।

नगरप्रमुख चौधरीका अनुसार १४औँ नगरसभाबाट पारित जम्मा एक अर्ब २३ करोड एक लाख ९२ हजार रुपैयाँ आय र व्ययको अनुमानसहितको वार्षिक बजेटबाट हालसम्म जम्मा २८ करोड ५६ लाख ५० हजार रुपैयाँ खर्च भएको छ ।

यसमध्ये चालु खर्चतर्फ २४ करोड २३ लाख तीन हजारअर्थात् १९ दशमलव ७० प्रतिशत रहेको छ । त्यसैगरी पुँजीगतअर्थात् विकास खर्चतर्फ चार करोड ३३ लाख ४७ हजारअर्थात् तीन दशमलव ४५ प्रतिशत खर्च भएको हो । यहाँ २४ वटा वडा रहेका छन् । नगरप्रमुख चौधरीले १४औँ नगरसभाबाट पारित नीति तथा कार्यक्रमको विस्तृत खर्च समीक्षा तथा संशोधित आय र व्ययको अनुमानका आधार योजना तथा कार्यक्रम दुई दिन चल्ने बन्द–शत्रमा छलफल गरी पारित गर्ने जानकारी दिए । शुक्रबार उद्घाटन गरिएको १५औँ हिउँदे नगरसभाको उद्घाटन उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले गरेका थिए । स्थानीय शासन सञ्चालन ऐन, २०७४ मा नगरसभा वर्षमा दुई पटकसम्म गर्न सकिने भनी उल्लेख गरिएको छ ।

# निःशुल्क स्वास्थ शिविर




**मधेशदृष्टि**
**जनकपुरधाम ।**

'स्वस्थ समाज, समृद्ध समाज' मुख्य उद्देश्यका साथ जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १७, सरस्वती बजार कनकपट्टीमा वृहत् निःशुल्क स्वास्थ शिविर भएको छ ।

प्रदेश सांसद रामअशिष यादवको प्रमुख आतिथ्य तथा अवकाशप्राप्त कर्मचारी समाजका अध्यक्ष रामलोचन यादवको अध्यक्षतामा सम्पन्न निःशुल्क स्वास्थ शिविरमा वडाअध्यक्ष रामवृक्ष यादव, निवर्तमान वडाअध्यक्ष परमेश्वर यादव, वडासदस्य मनोज मुखिया, हेल्दी स्कुल अभियानका संयोजक डा. निरन्जन कुमार गोइत, नेपाल ैओषधी व्यवसायी संघ जनकपुरधामका अध्यक्ष प्रमोद कुमार अग्रवाल, समाजका उपाध्यक्ष यामुना प्रसाद साह, सचिव काशी यादव, कोषाध्यक्ष विष्णुदेव यादव, समाजसेवी दुखी यादव, जामुन यादव, तेजनारायण यादव, गंगा प्रसाद मण्डललगायतका व्यक्तिहरु उपस्थित थिए ।

स्वास्थ शिविरमा डा. दिगविजय ठाकुर, डा. निरन्जन गोइत, डा. राजीव यादव, डा. लक्ष्मीनारायण गोइत, डा. जितेन्द्र जैसवाल, डा. सन्तोष यादव, डा. कृष्णपाल महतो, डा. दिलीप यादव, डा. महारुद्र ठाकुर, डा. ललिता यादव, डा रामछबिला यादवसहितका चिकित्सकले बिरामीलाई उपचार गरेका थिए । स्वास्थ शिविरमा ८ सय बिरामीले उपचार गराएको हेल्दी स्कुल अभियानका संयोजक डा. निरन्जन कुमार गोइतले जानकारी दिए ।

# नदीजन्य पदार्थ उत्खनन् रोकियो राजस्व सङ्कलन घट्यो

**मधेशदृष्टि**
**सिरहा ।**

डिभिजन वन कार्यालयले लहान नगरपालिका भएर बग्ने बलान, सर्रे र खुट्टी खोलामा नदीजन्य पदार्थ उत्खननका लागि वातावरणीय प्रभाव मूल्याङ्कन गर्न प्रदेश वन तथा वातावरण मन्त्रालयसमक्ष सिफारिस नगर्दा चार महिनादेखि उत्खनन रोकिएको छ । नदीजन्य पदार्थका लागि ठेक्का नलाग्दा नगरपालिकाको राजस्व सङ्कलन घटेको छ भने विभिन्न विकास–निर्माण परियोजना प्रभावित भएका छन् । वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृतिका लागि नगरपालिकाले सबै प्रक्रिया पु¥याएर वन कार्यालयले मन्त्रालयसमक्ष सिफारिस नगर्दा समस्या भएको लहान नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जयकान्त झाले गुनासो गरे । 'हामीले वन कार्यालयलाई यो महिनामा चारवटा पत्र लेखिसक्यौँ तर वन अधिकृतले सिफारिस गर्नुभएको छैन', उनले भने । वातावरण संरक्षण नियमावली, २०७७ को दफा ९ को उपदफा (४) को 'सम्बन्धित निकायले वातावरणीय अध्ययन प्रतिवेदनको सरोकारवाला अन्य सरकारी निकायसँग आवश्यक राय सुझाव लिन सक्नेछ' भन्ने व्यवस्था अनुसार वन कार्यालयले मन्त्रालयलाई सिफारिस नदिएर काम रोकिएको प्रमुख झाको आरोप छ । डिभिजन वन कार्यालयका प्रमुख शैलेन्द्रकुमार मिश्रले मन्त्रालयसमक्ष सिफारिस गर्न नगरपालिकाबाट प्राप्त निवेदन अध्ययन भइरहेको बताए । 'नदीजन्य पदार्थ उत्खननको जिम्मेवारी स्थानीय तहको हो । हामीले मन्त्रालयलाई नगरपालिकाको प्रस्ताव ठीक छ वा छैन समीक्षा गरेर सिफारिस दिने हो ।' उनले भने, 'जहाँ वन क्षेत्र पर्छ, त्यहाँबाट नदीजन्य पदार्थ झिक्न मिल्दैन । वन क्षेत्रसमेत समेटेर सिफारिस मागिएकाले समस्या भएको हो ।' रासस

# सामूहिक खेतीगरी आत्मनिर्भर बन्दै सिसवोनीका दलित महिला



**मधेशदृष्टि**
**सिरहा ।**

सिरहाको लहान नगरपालिका–२२ स्थित सिसवोनीका अनितादेवी सदायले एक दशकदेखि तरकारीखेती गरिरहेका छन् । पछिल्लो दुई वर्षदेखि भने उहाँ स्थानीय महिला समूहमा आबद्ध भई सामूहिक तरकारीखेतीमा जोडिएका छन् । खेती गर्न आफ्नो पर्याप्त जमिन नहुने र सामूहिक रूपमा बढी जग्गा भाडामा लिएर खेती गर्दा सस्तो पर्ने भएकाले आफू सामूहिक खेतीतर्फ आकर्षित भएको अनितादेवीले बताए । 'लामो समयदेखि तरकारीखेती गर्दै आएकी छु । व्यक्तिगत रूपमा खेती गर्नुभन्दा सामूहिक रूपमा भाडामा जग्गा लिएर खेती गर्दा बढी आम्दानी गर्न सकिने देखियो । त्यसैले अघिल्लो वर्षदेखि हामीले सामूहिक खेती गरेर बराबरी नाफा बाँड्ने गरेको छौँ', उनले भने । उनी मात्रै होइन यहाँका २७ जना दलित महिलाले करिब दुई बिघा जमिन भाडामा लिएर तरकारीखेती गरिरहेका छन् । 'सावोरी लघुउद्यमी महिला बचत समूह' गठन गरी तरकारीखेती गरिरहेका समूहकी सचिव गङ्गा सदायले जानकारी दिइन् । उनले भने, 'सामूहिक रूपमा काम गर्दा साथीसँग काम र रमाइलो गर्दै आम्दानी पनि लिन सजिलो हुन्छ । त्यसैले समूहमा आबद्ध २७ जनाले यो काम गरिरहेका छौँ ।' अर्का कृषक नन्दीलाल सदायले सामूहिक खेतीबाट उत्पादित तरकारीले आफूहरूलाई आत्मनिर्भर बन्दै निकै सघाउ पुगेको बताए । यही समूहमार्फत तरकारीका साथै सामूहिक माछापालन पनि गरिएको छ । अघिल्लो वर्षमात्रै माछा बिक्रीबाट डेढ लाख रुपैयाँ आम्दानी गरिएको र छ क्विन्टल आलु उत्पादन गरी ७५ हजार रुपैयाँ खुद नाफा भएको नन्दीलालले बताए । आलु, गोलभेँडा, काउली, झिङ्नी, बोडीलगायत तरकारी उत्पादन गर्ने गरिएको उनले जानकारी दिए । यहाँका गरिब तथा विपन्न दलित समुदायलाई तरकारी खेतीतर्फ आकर्षित गर्न लहानस्थित दलित जनकल्याण युवा क्लबले सहयोग गरी रहेको छ । किसानलाई खेतीसम्बन्धी तालिम, बीउबिजन, कृषिसामग्री, 'मल्चिङ' प्रविधि सहयोग गर्दै आएको क्लबका सामाजिक परिचालक सङ्गीता चौधरीले बताइन् । उनले नगरपालिकासँग समन्वय गरी तरकारी खेतीको प्रभावकारिता, समस्या, तथा आइपर्ने चुनौती समाधानका उपाय पहिचान गर्न संस्थाले सहयोग गरिरहेको बताइन् । वडा नं १२ का वडाध्यक्ष बद्री नारायण चौधरीले तरकारीखेतीले विपन्न दलित समुदायको जीवनस्तर नै बदलिएको र यसको दिगो व्यवस्थापनका लागि नगरपालिकाले आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

**कृषिबाट आयआर्जन गर्दै दलित महिला**

सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका–२ भुरकीका दलित महिला खेतीपाती कुखुरा र हाँस पालेर आयआर्जन गर्दै आएका छन् । सशिया महाराज दलित महिला कृषक समूहमा आबद्ध २७ जना दलित महिलालाई हाँसपालन गर्न राष्ट्रिय कृषक समूह महासङ्घ नेपालले सहयोग गरेको छ । समूहका अध्यक्ष श्रीकुमारी मण्डलले हाँसकुखुरा पालनसँगै हरिया सागसब्जी, काउली, प्याज, लसुन, आलु, गोलभेँडाखेतीमा दलित महिलाहरुलाई उत्प्रेरित गरिरहेको बताइन् । समूहका महिलाले ३० कठ्ठा जग्गामा काउली, आलु, भण्टा, मुला, राय साग, धनियाँसहितका तरकारी लगाएका छन् । साथै उनीहरूले करेसाबारीमा बेमौसी लिची, नैवा, कागती रोपेका छन्भने हाँस, कुखुरा पालेर अण्डा र मासुको आपूर्ति पनि गरिरहेका छन् । केहीले बाख्रापालन पनि थालेका छन् । राष्ट्रिय कृषक समूह महासङ्घले कृषिऔजार, वीउबिजन प्रदान गरेको छ । समूहका प्रत्येक सदस्यमा १५ हजार रुपैयाँ लगानी भएको महासङ्घका अध्यक्ष दीपककुमार ठाकुरले बताए । महासङ्घले समय–समयमा महिला तथा पुरुषलाई मल बनाउने तालिम पनि दिँदै आएको छ । करेला, बोडी, सिमी, फर्सी, भिण्डीको वीउ पनि प्रदान गरेर दलित महिलाका आयआर्जनमा महासङ्घले सहयोग गर्दै आएको छ । रासस

# समयमै भुक्तानी पाएपछि उखु किसानलाई राहत

**मधेशदृष्टि**
**महोत्तरी ।**

चिनी उद्योगलाई बुझाएको उखुको एक साताभित्रै भुक्तानी पाएपछि महोत्तरीका उखु किसानलाई राहत मिलेको छ । जिल्लाको गौशाला–१ स्थित एभरेष्ट सुगर एण्ड केमिकल इण्डष्ट्रिजले किसानलाई उखु तौलिएको एक साताभित्रै भुक्तानीको नीति नै बनाएपछि किसानलाई समयमै रकम पाउँदा राहत मिलेको हो । यसपालिको सिजनलाई सरकारले तोकेको मूल्यमा किसानले मन कुड्याएका छन् । गत वर्षको मूल्यमा १५ प्रतिशत वृद्धि गरिनुपर्ने किसानको माग भए पनि सरकारले भने प्रतिक्विन्टल २० रुपैयाँ वृद्धि गरेको छ । आफ्नो उत्पादनले उचित मूल्य नपाएको गुनासो पोख्ने किसानले भुक्तानी भने उद्योगले तौल भएको एक साताभित्रै गरिदिँदा राहत महसुस गरेका हुन् । यसपालि उखुको मूल्य पाँच सय ८५ रुपैयाँ प्रतिक्विन्टल तोकिएको छ । गत वर्ष यो मूल्य पाँच सय ६५ रुपैयाँ प्रतिक्विन्टल थियो । यसबाहेक सरकारले प्रतिक्विन्टल ७० रुपैयाँ अनुदानवापत दिनेछ । यो अनुदान रकम भने सरकारले दशैँ, तिहार पर्वका बेला पारेर दिँदै आएको छ । गत मङ्सिर २६ गतेदेखि उखु क्रसिङ थालेको चिनी मिलले यसबीचमा तीनपटक भुक्तानी दिइसकेको छ । 'मूल्यमा त हामी थिचिएकै हौँ, तर भुक्तानी भने उद्योगले निकै सजिलो बनाएको छ, उखु तौल भएको सात दिन नकट्दै हाम्रै खातामा रकम आइसक्छ', भङ्गाहा–४ का किसान अरूण गिरी भन्छन्, 'पछिल्ला दुई वर्षयता सहज हुँदै गएको भुक्तानी प्रक्रियाले नै उखुखेतीमा जाँगर जोडेको छ ।' त्यसअघि उखु तौल भएको वर्ष दिनसम्म भुक्तानी नपाएर रूँदै हिँड्नुपरेको दुःख अहिलेको सहज भुक्तानीले बिर्साइदिएको किसान बताउँछन् । उद्योगले यसपालि क्रसिङ थालेको तीन साताभित्र नै तीनपटक भुक्तानी दिइसकेको छभने चौथोपटकको भुक्तानी दिने तयारी गरेको छ । 'पुस १० गतेसम्म तौल भएको उखुको भुक्तानी भइसकेको छ, अब हामी पुस १५ सम्म भएको तौलको भुक्तानी तयारी गर्दैछौँ', उद्योगका महाप्रबन्धक सुरेन्द्र शुक्ला भन्छन्, 'सामान्यतः तौल भएको पाँच–पाँच दिनमा भुक्तानी गर्ने नीति बनाइएको छ ।' चौथोपटकको भुक्तानी भोलिसम्म गरिने उनको भनाइ छ । उद्योगले पुस १० सम्म तौल भएको उखुको जम्मा २५ करोड छ लाख १३ हजार नौ सय ८६ रुपैयाँ भुक्तानी गरिसकेको छ । उखु उत्पादक किसानका प्रतिनिधि संस्थाले मूल्यमा आपूm हरूको माग सरकारले नसुनेको गुनासो गर्दै आएका छन् । 'हामीले गत वर्षको मूल्यमा १५ प्रतिशत वृद्धिको माग गरेका थियौँ, तर सरकारले प्रतिक्विन्टल २० थपेर झारा टारेको छ', उखु उत्पादक कृषक सङ्घका अध्यक्ष नरेशसिंह कुशवाहा भन्छन्, 'यसमा सरकारले पुनर्विचार गर्नुपर्छ ।' आर्थिक वर्ष २०८१÷८२ मा एभरेष्ट चिनी उद्योगले ३५ लाख उखु क्रसिङ गर्ने लक्ष्य लिएको छ । यो गत वर्षभन्दा छ लाख क्विन्टल बढी हो । यसपालि उखुको क्षेत्रफल र उत्पादन दुवै बढेको छ । दुई दशकअघि जिल्लामा १५ हजार बिघामाथि पुगेको उखुखेती भुक्तानी झमेलाले घट्दै गएर तीन वर्षअघि पाँच हजार बिघामा झरेको थियो । उद्योगले भुक्तानी सहज बनाउँदै लगेपछि किसानले फेरि उखुखेती बढाउँदै लगेका छन् । यसपालि नौ हजार बिघामा उखुखेती गरिएको छ । आउने वर्षका लागि माघसम्मै उखु रोपिने हुँदा खेती अझै केही बढ्नेछ ।

# कुम्हालटोलमा ३१ जनाद्वारा रक्तदान

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंज महानगरपालिका वडा नं. ७ स्थित कुम्हालटोलमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । कुम्हालटोल टोल सुधार समाजले मेरी गोल्ड स्कूलको प्रांगणमा आयोजित कार्यक्रममा ६ महिलासहित ३१ जनाले रक्तदान गरेका छन् । रक्तसञ्चार केन्द्र वीरगंजका राजन श्रीवास्तवका अनुसार, रक्तदान गर्नेमा सुष्मा श्रेष्ठ, बिनिता श्रेष्ठ, ज्ञान माया रायमाझी, सिल्की श्रीवास्तव, चाँदनी मिश्रा, सुनिता श्रेष्ठ लगायतले रक्तदान गरेको रक्तसंचार केन्द्रले जनाएको छ । कुम्हाल टोल सुधार समाजका अध्यक्ष नन्दलाल राउत अहिरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वीरगंज महानगरपालिका वडा नम्बर ७ का अध्यक्ष हिराकाजी महर्जन, इलाका प्रहरी कार्यालय नगवाका प्रमुख रुपेश झा, समाजका वरिष्ठ उपाध्यक्ष अशोक गुप्ता लगायतको उपस्थिति रहेको थियो । रक्तसञ्चार केन्द्र वीरगंज, नेपाल रेडक्रस सोसाइटी र विभिन्न समाजसेवीहरूले प्राविधिक सहयोग पु¥याएका थिए ।

## सम्पादकीय

# जाडोबाट जोगिऔँ

मधेश प्रदेशमा शितलहर बढेसँगै जाडोले जनजीवन प्रभावित भएको छ । मधेशका आठ जिल्लामै पछिल्लो एकसाता बढेको चिसोले जनजीवन प्रभावित भएको हो । बाक्लो हुस्सु र कुहिरोसहित अत्यधिक चिसो बढ्न थालेपछि जनजीवन प्रभावित हुँदा सर्वसाधारण निकै मर्माहत भएका छन्।

प्रभावित जनजीवनलाई मध्यनजर गर्दै अत्यधिक जाडो बढेको र चिसोबाट बच्न न्यानो लुगा लगाएर अत्यावश्यक काम बाहेक घरबाहिर ननिस्किन र झोलिलो खानेकुरा खान पटकपटक चिकित्सकहरुले सुझाव दिन थालेका छन् । जाडोले बालबालिका, वृद्धवृद्धा, दम तथा रुघाखोकीका बिरामी बढी समस्या खेपिरहेका छन् । बाथ तथा गेठियाका रोग लागेका बिरामी पनि चिसोका कारण समस्यामा परेका छन् । यसैले बिहान मर्निङ वाक नगर्न र गर्नै परे शरीर ढाकिने गरी न्यानो लुगा लगाउन आवश्यक छ।

तराई मधेशमा अत्यधिक चिसो बढेकाले उच्च सतर्कता अपनाउनु आमनागरिकको पनि दायित्व हो । रुघाखोकी, ज्वरो, कोल्ड डायरियाले यस्तो बेला अरु बढी सताउने गर्दछ। बिहानैदेखि कुहिरो लाग्ने गर्छ । अरु केही दिन मौसम यस्तै हुने अनुमान छ। चिसो बढ्दै गएपछि स्थानीय तहहरुले सकेको मदत पनि गरेका छन्। सर्वसाधारणलाई जाडोबाट जोगाउन र बचाउन प्रयास पनि भएको छ । तर यो पर्याप्त छैन । सार्वजनिक स्थान तथा चोकमा दाउरा बितरण गरी आगो ताप्ने व्यवस्था मिलाइए पनि यो पर्याप्त होइन।

केही स्थानीय तहले कम्बल वितरण पनि गरेका छन् । प्रदेश सरकारले नै जाडो प्रभावित क्षेत्रमा कम्बल वितरण गरेको छ । स्थानीय र प्रदेश सरकारले जाडोबाट सावधान रहन चेतनामूलक कार्यक्रम पनि गरेका छन् । तर कठ्यांग्रिदो जाडोले समस्या घट्ने अवस्था छैन । यस्तो अवस्थामा सर्वसाधारणको जीवन बचाउनु र जोगाउनु नै सबैको दायित्व हो।

जाडोबाट बच्ने नाममा आगो बालेर, तापेर आगो वरिपरी धेरैबेर नबसौँ, राति नसुतौँ। यसो गर्दा अरु जोखिम हुनसक्छ। आगलागीका घटना हुनसक्छन्।

अप्रिय समाचारको पात्र बन्नु पर्ने हुनसक्छ । यस्तै, जाडोले गर्दा परिवारका अभिभावकहरु अत्यधिक मदिरा सेवन गरेर पनि ज्यान गुमाइरहेका हुन्छन् । यसैले अभिभावकलाई समयमा घर बोलाऔँ । सन्तान कता छन्, मोटरसाइकल, साइकलबाट यात्रा गर्दा लामो दूरीले चिसोले कठ्यांग्रिएर लड्ने, बेहोस् हुने, दुर्घटनाको सिकार हुने अवस्था पनि उस्तै रहन्छ। यसैले बेलाबेला परिवारका सदस्यहरुको ख्याल पनि गर्नुहोस्।

# गहिरिँदै भारतमा प्रवासी नेपालीका समस्या



डीआर घिमिरे

भारतमा अस्थायी रूपमा बसोबास गर्ने नेपालीको संख्या ठूलै छ । यो संख्या जति बढ्दै जान्छ, उतिनै समस्याहरू थपिदै जान्छन् । तथापि संख्या बढ्दै जाँदा सामूहिक आवाज उठ्छन् र तिनको यथोचित समाधान गर्न दुवै देशका सरकारहरू बाध्य हुन्छन् भन्ने विश्वास त गर्न सकिन्छ तर त्यो प्रयास अहिलेसम्म नहुनु दुःखद पक्ष हो। प्रवासी नेपाली संघ भारतले यस्ता समस्याहरू बढ्दै गएकोमा चिन्ता प्रकट गर्दै सामूहिकरूपले आवाज बुलन्द गर्न जरुरी रहेको निष्कर्षमा पुगेको छ।

विदेशी नागरिक हुनुको कारणले उचित र समान पारिश्रमिक नपाउनु, बैंक खाता खोल्न र बीमाजस्तो महत्वपूर्ण विषयमा सहज प्रवेश नपाउनुले मानव अधिकारको आधारभूत अधिकारबाटै वञ्चित रहेको महसुस गर्न थालेका छन् प्रवासी नेपालीले।

'प्रायः हरेक राज्यमा एउटै प्रकृतिका समस्या भएपनि कतिपय राज्यमा फरक खालका समस्या व्यहोर्नु परेको छ,' नेकपा (एमाले) का केन्द्रीय सदस्यको रूपमा प्रवास इन्चार्ज तथा प्रवासी संघका सल्लाहकार हरिप्रसाद घिमिरेको बुझाई छ।

घिमिरे ४० वर्षदेखि प्रवासमा वसोवास गर्दै आएका सफल व्यवसायी हुन् । उनको गुनासो छ– भारत र नेपालवीच सम्पन्न सन् १९५० को सन्धिका कारण दुई देशवीच विशेष सम्वन्ध रहेको भनिए पनि त्यस्ता सुविधाको उपभोग गर्न सकिएको छैन।

हुन पनि जम्मू–कश्मीर र पूर्वोत्तर राज्यमा सुरक्षाको चुनौती छ । त्यहाँ भइरहेको आदिवासी तथा गैर–आदिवासीको विषयले नेपालीले समेत अप्ठ्यारा परिस्थितिको सामना गर्नुपरेको छ र नेपाली भएकै कारण पदोन्नति, पारिश्रमिक र अन्य सवालमा विभेद भोग्नुपरेका घटना वारम्वार सार्वजनिक हुने गरेका छन्। त्यसवाहेक आइजाइ गर्दा पनि असहज व्यवहार भोग्दै आएको अनुभव गर्छन् नेपालीहरू।

नेपाल–भारत आउजाउ गर्दा सीमा क्षेत्रमा भोग्नुपर्ने झन्झटपूर्ण व्यवहार, दुवैतिरका सुरक्षा निकायको दुव्र्यवहार, दैनिकजसो उपयोगमा आइरहने र एकपटक प्रयोग गरेका सामान ल्याउँदा हुने पक्षपात र कष्ठपूर्ण व्यवहार, हवाई मार्गमा देखिने कतिपय जटिलता तथा अन्य असामाजिक तत्वबाट हुने ठगी तथा शोषण पनि गंभीर चुनौतीका रूपमा देखा पर्ने गरेका छन्।

अधिकांश प्रवासी नेपालीहरूले आफनो राष्ट्रिय परिचय लुकाएर भारतका विभिन्न परिचयपत्र (आईडी कार्ड) प्राप्त गरी आफना दैनन्दिन कार्यहरू संचालन गरिरहेको गुनासो पनि छ । यो क्रम बिस्तारै बढ्ने सम्भावना यस कारणले देखिएको छ कि भारतले अब एनआरसी (ल्बतष्यलब िचभनष्कतभच या ऋष्तष्शभलक) विधेयकलाई कार्यान्वयनमा ल्याएको छ । उक्त कार्यसँगै प्रवासी नेपालीमाथि थप समस्या आउने निश्चित छ।

यो विधेयक विशेषगरी असम राज्यमा लागू गरिए पनि अहिले सवै राज्यमा लागू भएको छ। यसका साथै सन् २०१९ मा नागरिकता संशोधन ऐन पनि ल्याएको छ। यो भनेको भारतको नागरिकहरूको दर्ता सूची हो। यी सवैको उद्देश्य त्यहाँ बसोबास गर्ने वैधानिक नागरिकहरूको पहिचान गर्नु र अवैध आप्रवासीहरूलाई अलग गर्नु हो।

२०१९ मा ल्याएको नागरिकता संशोधन ऐनले बङ्गलादेश, पाकिस्तान र अफगानिस्तानबाट आएका हिन्दू, सिख, बौद्ध, जैन, पारसी र इसाई धर्मावलम्बी आप्रवासीहरूलाई भारतको नागरिकता दिने प्रावधान ग¥यो। जुन मुस्लिम समुदायविरुद्ध गरिएको विभेद पनि थियो । यसो गर्दा धेरै स्थानीय बासिन्दाहरू र जातीय समुदायहरूले आफ्नो नागरिकता गुम्ने सम्भावना देखेका छन्।

एनआरसी विधेयक वा नागरिकता संशोधन ऐनलाई मान्दा र नमान्दा पनि नेपालीहरू समस्यामा छन् । उनीहरूले नागरिकता लिए भारतीय भइने नलिए विभेद हुने अवस्था सृजना हुँदैछ । यो भनेको प्रकारान्तरले दोहोरो नागरिकता लिनुपर्ने बाध्यता हो । जसको कारणले थप जटिलता आउन सक्ने सम्भावना छ।

बिरामी हुँदा अत्यावश्यक स्वास्थ्य सेवामा पनि समस्या देखा पर्दै गएको छ। भारत सरकारले उपलब्ध गराउने कागजातको अभावमा नेपालीले स्वास्थ्य बीमाको सुविधा पाउँदैनन् । ठिक यही अवस्था बिद्यालय र कलेजमा अध्ययनरत विद्यार्थीले पनि भोग्नुपर्ने अवस्था छ।

हालै नयाँ दिल्लीमा प्रवासी नेपाली संघ भारतद्वारा आयोजित एक कार्यक्रममा यस्ता धेरै समस्याहरूको उठान गरिएको छ । तर विडम्वना नेपालमा जति राजनीतिक दल छन्, त्यतिनै संगठन भारतमा पनि छन् र उनीहरू नेपालमा उठाइने विषयका आधारमा विभाजित हुने गर्छन् । प्रवासी संघ भारतका अध्यक्ष नारायण हुमागाई यसलाई दुर्भाग्यपूर्ण मान्छन् । साझा समस्याको समाधान साझा ढंगलेनै गर्नुपर्छ भनेर डिसेम्वर २१ र २२ तारिखका दिन साहित्य महोत्सवमार्फत् सहकार्य गर्न खोजिएको हो, हुमागाईले भने।

कुनै राजनीतिक कार्यक्रम गर्दा मतभेद हुन सक्ने भएकोले यस प्रकारको साझा कार्यक्रममार्फत हाम्रा मुद्दा स्थापित गर्न खोजिएको हो, उनले थपे। सो कार्यक्रममा भारतमा रहेका सवै संघसंगठनहरूलाई बोलाइएको भएपनि धेरै कम मात्र अन्य संगठनका प्रतिनिधि उपस्थित भए।

कार्यक्रमले चाहेका विषयमा दिसा निर्देश गर्न सकेको भए निम्न विषयमा ठोस निष्कर्ष निस्कने थियो–

– नेपाल भारतको साँस्कृतिक सम्बन्धसहित यस्ले मानिसको जीवनमा के कस्तो प्रभाव पार्दै छ र यसमा साझा मापदण्ड के हुन सक्छ ?

– परिवर्तित अवस्थामा प्रवासी समुदायले उठाउने मुद्दाहरूको किटान गर्दै आगामी दिनमा प्राथमिकताका आधारमा आगामी कार्यक्रम के हुन सक्लान् ?

– प्रवासी नेपालीका मुलभूत समस्या साझा प्रकृतिकानै भएकोले राजनीतिक आस्था जहाँ भएपनि समस्या समाधानमा संयुक्त मोर्चा बनाएर कसरी जाने ?

– प्रवासी नेपालीको कुरा गर्दा भारत र खाडी मुलुकमा बसोबास गर्नेलाई नेपाली आँखाबाट हेर्दा दोश्रो दर्जाको सम्झने प्रवृत्तिलाई अन्त्य गरी आत्मसम्मानमा ठेस नलाग्ने वातावरण कसरी बनाउने ?

– भारतमा रहेका नेपालीको तथ्यांक संकलन सुस्पष्ट तरिकाले नभईरहेको अवस्थामा यसलाई कसरी व्यवस्थापन गर्ने ?

– प्रवासी नेपालीका छोराछोरीले प्राप्त गरेको ज्ञान, अनुभव र उच्चशिक्षालाई देशभित्रै अवसर प्रदान गर्नका लागि के गर्ने ?

– भारतमा रहेका नेपाली व्यावसायीले भोग्नु परेका समस्या र अबका चुनौतीलाई कसरी समाधान गर्ने ?

यसरी हेर्दा एक तिहाई जनशक्ति (यसमा पनि युवा शक्ति) मुलुक बाहिर रहँदा पनि प्रवासी नेपालीहरू मौलिक अधिकारबाटै बञ्चित हुन्छन् भने यसमा कमजोरी कसको होला ? यो प्रश्नको उत्तरमा प्रवासी नेपाली संघका सल्लाहाकार हरि भन्छन्– प्रवासी अधिकार माग्न सिकाउने नेताहरू दिने ठाउँमा पुगे पनि उनीहरू खोला तरेर लौरो बिर्सेको अवस्थामा छन्।

राज्यले श्रम स्वीकृत लिएर जानेहरूलाई मात्र आप्रवासीको सूचिमा सूचीकृत गर्दै आएको छ । तर देशको दक्षिणी सीमानाबाट खुला बोर्डर हुँदै भारत आउने लाखौं श्रमिकहरूलाई राज्यले प्रवासीको दर्जा दिन सकेको छैन। यहाँ सम्मकि उनीहरूको आवागमन सम्बन्धी अभिलेख पनि छैन। यसका लागि दोषि को हो ? अध्यक्ष हुमागाई भन्छन्–आफ्ना देशका जनताप्रति राज्य÷सरकार स्वयं उत्तरदायी बन्नुपर्नेमा उदासीन बनेको देखिन्छ।

प्रवासी नेपालीका अनेक संघसंस्थाहरूले आवागमनको अभिलेख राख्न पटक पटक माग गर्दापनि कुनै सुनुवाई नभएको उनीहरूको निष्कर्ष छ । त्यतिमात्र हैन, प्रवासी नेपालीलाई लाहुरेको रूपमा हेर्ने दृष्टिदोष रहेको पनि उनीहरूको ठम्याई छ । नीति निर्माताहरूले देशको अर्थतन्त्रमा टेवा पुर्याउने महत्वपूर्ण शक्तिका रूपमा नबुझेसम्म अवस्थामा वदलाव आउँदैन, सल्लाहकार घिमिरेको भनाई छ।

प्रवासी नेपाली बिश्वको परिबर्तन, प्रविधि, विकास र समृद्धिलाई नगिचबाट देखेजानेको र बुझेको समुदाय भएकोले उनीहरूलाई राज्यका नीति निर्माण र राष्ट्रनिर्माणमा समाबेश गर्नुपर्नेमा उनीहरूको जोड छ। हुनपनि बिकसित राष्ट्रमा प्रवासी मन्त्रालय बनाएर प्रवासी नागरिकको हक हितको पक्षमा काम गरेको देखिन्छ । कम्तीमा नेपालले प्रवासी आयोग भएपनि बनाएर काम थाले हुन्थ्यो, अर्का प्रवासी कार्यकर्ता गिरिराज बेल्वासेको सुझाव छ।

अन्य मुलुकमा रहेका नेपाली समुदायले जस्तै भारतमा रहेका नेपालीले पनि न्यायपालिकाको फैसला अनुरूप मतदानको अधिकारलाई अबिलम्ब कार्यान्वयन गर्नुपर्ने माग गर्छन् । घिमिरेको भनाईलाई आधार मान्ने हो भने संसारभरी रहेका सम्पूर्ण प्रवासी नेपालीका संघसंस्थाहरू बीच सहकार्य गर्दै विश्व प्रवासी अधिकार मञ्च बनाएर विश्वव्यापी अभियान सञ्चालन गर्दै उनीहरूको ज्ञान, शिप र क्षमतालाई आकर्षण गर्नुपर्छ।

आजको अवस्था पहिले जस्तो छैन। हिजो सरकारी वा गैर सरकारी जागीर गरेपछि फर्कने नेपालीहरू अव नफर्कने अवस्थामा पुग्दैछन् । यसको कारण भारतले आधार वा रासन कार्डको आधारमा मात्र सरकारी सेवा वा अन्य व्यवसायमा संलग्न हुन पाउने नीतिलाई कठोर बनाउँदैछ । जसका कारण तेश्रो पुस्ताका नेपाली नागरिकता लिने पक्षमा देखिन्छन्। यही कारण हो कि अहिले उनीहरू नेपाल आएर नागरिकता त्याग गरेको प्रतिलिपि लैजानुपर्ने अवस्थामा छन्।

सन् १९५० को सन्धि अनुसार यो सवै गर्न जरुरी त छैन, तर भारतीय नागरिकलाई प्राथमिकता दिने नाममा नेपाली, भूटानी वा अन्य मुलुकका नागरिकलाई पन्छाउने काम भइरहेको छ। भारतमा सरकारी सेवाबाट निवृत्त हुनेलाई स्वास्थ्य सेवा र बच्चाहरूलाई आधारभूत तहको पढाई निःशुल्क छ । त्यसैले पनि उनीहरू स्थायी रूपमा उतै वस्न चाहन्छन्। हो यसका लागि नेपाल सरकारले भारतीय सरकारसंग वार्ता गरेर निकास निकाल्न सक्छ। तर, यो त्यति सहज छैन।

प्रवासमा रहेर विभिन्न क्षेत्रमा कार्यरत मजदुर, व्यावसायी, महिला, बिद्यार्थी वा व्यावसायीका समस्या अपवादवाहेक आमरूपमा एउटै प्रकृतिका छन्। नेपाल फर्कन चाहनेलाई कसरी पेशा व्यवसायमा लाग्ने र रोजगारीका अवसर प्राप्त गर्ने होला भन्ने चिन्ता पनि छ।

शक्ति रहुन्जेल र लामो समय भारतमा काम गरेर वृद्ध अवस्थामा नेपाल फर्कदा दोहोरो नागरिकता र सामाजिकीकरणको समस्या पनि आउन सक्ने विश्लेषण गर्न थालिएको छ। यस्ता समस्याको निकास अन्ततः राजनीतिक रूपले नै हुने भएकोले नेपाल सरकारमार्फत् पहल गर्न आवश्यक रहेको निष्कर्ष निकाल्न सकिन्छ। यसका साथै यस्ता जटिल समस्याको समाधान सबै राजनीतिक दल तथा नेतृत्वले मात्र गर्न सक्ने भएकोले साझा मञ्चको निर्माण गरी बहस, छलफल गर्दै निरन्तर पैरवी गर्नुपर्ने महसुस गरिएको छ। नेपालप्रेस

# भ्रष्टाचारबिरुद्धको निशानामा शीर्ष अनुहारहरु



युवराज घिमिरे

मुलुकमा जनस्तरमा व्याप्त असन्तुष्टिले विस्तारै भ्रष्टाचारविरोधी राष्ट्रिय आन्दोलनको स्वरूप लिन थालेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेमाथि सहकारी भ्रष्टाचारमा सरकारले मुद्दा चलाए पनि अपराधसँग मिल्दो दण्ड सुनिश्चित गर्नुभन्दा उनलाई सत्ताको प्रतिशोधको डण्डाबाट क्षतविक्षत बनाउने षड्यन्त्रमा शासन र उसको प्रहरीतन्त्र खुलेरै लागेको देखिन्छ।

सहकारी भ्रष्टाचारसँगै सम्पत्ति शुद्धीकरणको दायरामा उनलाई ल्याएपछि राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता राजेन्द्र लिङ्देनले सरकारलाई चुनौती दिएका छन् । सम्पत्ति शुद्धीकरणमा लामिछानेसँगै संविधान जारी भएयता आलोपालो प्रधानमन्त्री भएका केपी ओली, शेरबहादुर देउवा र पुष्पकमल दाहाल प्रचण्डमाथि पनि मुद्दा चलाउन लिङ्देनले चुनौती दिएका हुन्। उता ओली गिरिबन्धु 'टी स्टेट' भ्रष्टाचारमा संलग्न भएको आरोप सार्वजनिक रूपमा लगाउँदै प्रचण्डले अब भ्रष्टाचारविरुद्ध आन्दोलनमा वर्तमान प्रधानमन्त्रीलाई निशाना बनाउने घोषणा झापाबाटै गरेका छन्।

वास्तवमा, प्रचण्ड विभिन्न मोर्चाबाट सत्ताको नेतृत्व हासिल गर्ने रणनीतिमा छन् । जातीय र कुनै समय पृथकतावादी नारा उठाएका समूहलाई एकातिर आन्दोलनमा लाग्न उनले उक्साइरहेका छन् भने अर्कोतिर लामिछाने निर्दोष भएको भन्दै ओलीविरुद्धको अभियानमा संसद्मा २१ सदस्य रहेको राष्ट्रिय स्वतन्त्र पार्टी समर्थन जुटाउने प्रयासमा छन् उनी । तर, यसपल्टको आन्दोलन र अभियान मुख्य रूपमा भ्रष्टाचारविरुद्ध हुने भएकाले त्यस अर्थमा प्रचण्डको छवि आमजनताको नजरमा त्यस्तै छ, जस्तो ओली र शेरबहादुर देउवाको छ।

चीन भ्रमणमा प्रधानमन्त्री ओलीले 'बेल्ट एण्ड रोड' इनिसिएटिभ कार्यान्वयन सम्झौतामा हस्ताक्षर गरेर पर्केपछि ओलीले सत्ता गठबन्धन नेपाली कांग्रेसको विश्वास गुमाएका संकेत देखिन थालेका छन् तर ओलीले अब १८ महिनापछि सत्ताको नेतृत्व सुम्पेलान् भन्ने विश्वासमा देउवा अझै पनि रहेकाले ओलीविरुद्ध सत्ता गठबन्धनमा निर्णायक कदम उठिसकेको छैन। तर, पूर्वराष्ट्रपति विद्या भण्डारीनिकट पार्टी केन्द्रीय समिति सदस्यद्वय विन्दा पाण्डे र उषाकिरण तिम्सिनालाई निलम्बन तथा ओली सर्वसत्तावादविरुद्ध खुलेरै लागेका पूर्वउपाध्यक्ष भीम रावललाई पार्टी सदस्यताबाट निष्कासन गरेपछि ओलीले पहिलो समस्या या विरोध एमालेबाटै खेप्नुपर्ने परिस्थिति बन्दै छ।

बिआरआई सम्झौता प्रकरणमा नेपाली कांग्रेस नीतिगत रूपमा पराजित भएको छ भने अनुदानमा मात्र बिआरआईमा हस्ताक्षर गर्ने आश्वासन पूरा नभएकोमा दिल्लीले परराष्ट्रमन्त्री आरजु राणा देउवालाई र उनीमार्फत नेपाली कांग्रेससमक्ष आक्रोशपूर्ण सन्देश दिएको छ । अर्थात् नेपालको हरेक महत्वपूर्ण आन्तरिक राजनीतिमा विदेशी चासो र चलखेल देखिने गरेको छ, ०६३ यता। हाम्रा नेताले मुलुकमा जे–जस्तो अभिव्यक्ति दिने गरे पनि बाहिर उनीहरूको छवि दयनीय छ।

नेपालमा कथित अग्रगामी परिवर्तनका लागि हस्तक्षेपकारी भूमिका खेलेको भारत सरकारका मुखिया मनमोहन सिंहको हालै निधन भएको छ। सन् २००६ अप्रिलमा नेपालमा १२–बुँदे अन्तर्गत आठ दलले आन्दोलन गरिरहँदा मनमोहन सिंहले डा करण सिंहलाई आफ्नो विशेष दूतका रूपमा राजा ज्ञानेन्द्रसमक्ष पठाएका थिए।

राजाले तत्काल दलहरूलाई सत्ता सुम्पिएर विघटित प्रतिनिधिसभा ब्युँताउने आफ्नो तयारीबारे जानकारी गराएपछि त्यसवेला बर्लिनमा रहेका सिंहले राजाको कदमलाई स्वागत गर्दै भारतले नेपालमा आएको दुईखम्बे अर्थात् संवैधानिक राजतन्त्र र बहुदलीय संसदीय व्यवस्थाप्रतिको नीतिलाई निरन्तरता दिने वक्तव्य जारी गरेका थिए। तर, डा. करणसिंह 'मिशन' तथा प्रधानमन्त्रीको सार्वजनिक घोषणालाई विशेष दूतसँगै नेपाल आएका विदेश सचिव श्याम सरणले पराजित गराइदिए।

आफ्नो पुस्तक 'हाउ इन्डिया सिज द वल्ड' मा उनी लेख्छन्, 'मैले प्रधानमन्त्रीको कार्यभारमा रहेका प्रणव मुखर्जीसँग प्रधानमन्त्री सिंहले उनीसँग बर्लिनमा रहेका पत्रकारसमक्ष दिएको भन्दा फरक अभिव्यक्ति दिने अनुमति लिए।'( पेज १६०–६१)

एउटा कर्मचारीले प्रधानमन्त्रीको अभिव्यक्ति खारेज गर्दा डा. सिंहले कसरी लिए, सार्वजनिक जानकारीमा आएको छैन। तर, मनमोहन सिंह हैन, श्याम सरणकै लाइन नेपालको नियति र अहिलेको अस्थिरता, भ्रष्टाचार, जवाफदेहीविहीनता र सार्वभौम नेपाली जनताको अवमूल्यनको कारण बन्यो। नेपाली जनतालाई धर्मनिरपेक्ष गणतन्त्र र संघीयता या तिनका विकल्पबारे छनोटको अधिकार नदिइनुमा विदेशी दबाब र हाम्रा १२–बुँदे दासहरूको समर्पणवादी चरित्र जिम्मेवार थियो।

डा. मनमोहन सिंहको निधारमा श्रद्धाञ्जली दिँदै भारतको जनता दलका पूर्वमुख्यमहासचिव केसी त्यागीले टेलिभिजनमा एउटा रोचक तथा शर्मनाक घटना विवरण सुनाए। पहिलो पल्ट (२००८ अगस्ट) प्रचण्डले प्रधानमन्त्री पदको शपथ लिँदा समारोहमा उपस्थित त्यागी र अर्का नेता शरद यादवमार्फत एउटा पत्र पठाए प्रधानमन्त्री सिंहलाई। पत्र हात पर्नासाथ खोल्दै नखोली डा. सिंहले त्यसलाई रद्दीको टोकरीमा फालिदिएका थिए, त्यागीका अनुसार। प्रचण्डले खासमा उत्तर कोरियाको शैलीमा आफूलाई 'प्राइम मिनिस्टर अफ द पिपुल्स रिपब्लिक अफ नेपाल' उल्लेख गरेका थिए र डा. सिंहलाई त्यो अति उत्ताउलोपन सायद मन परेन।

तर, नेपालको प्रधानमन्त्री तथा कथित क्रान्तिकारी नेतृत्वप्रति भारतमा हेर्ने दृष्टिकोण के थियो र के छ? त्यसको एउटा झलक थियो त्यो। त्यसमा सम्भवतः कुनै परिवर्तन आएको छैन।

मगन्ते कूटनीतिमा लिप्त र विदेशी नेताको चरण स्पर्श गरेर नेपालमा सत्ता हासिल गर्नेहरूले अहिलेसम्म पनि यो कुरा नबुझेजस्तो गरिरहेका छन् नेपाली जनतासमक्ष । वास्तवमा हाम्रो राजनीति र पात्रहरूको समर्पणवादी चरित्र बुझ्न अस्ति जनवरी १ मा १०० वर्षको उमेरमा देह त्याग गरेका अमेरिकाका पूर्वराष्ट्रपति कार्टरको भूमिकाको पनि विश्लेषण गर्नु आवश्यक छ।

सन् १९७७ मा राष्ट्रपति हुँदा मानवअधिकार तथा धर्मको स्वतन्त्रताका नाममा 'धर्म परिवर्तन'को एजेन्डालाई उनले नेपालमा अघि बढाएका थिए। पछि कार्टर सेन्टरका प्रमुखका रूपमा उनले राजा वीरेन्द्र र ज्ञानेन्द्रसमक्ष माओवादी र राज्यबीच मध्यस्थताको भूमिका खोजेका थिए । नेपालको शान्ति प्रक्रियामा अमेरिकाको संलग्नतालाई चीन र भारतले नरुचाउने आकलनका साथ दुवै पटक अस्वीकार गरिएपछि कार्टर स्वयं अनमिनजस्तै माओवादीनिकट देखिए।

पहिलो संविधानसभा निर्वाचनको मतदान जारी नै रहँदा नेपालको चुनाव 'रिजनेब्ली फ्रि एण्ड फेयर' भएको वतव्य जारी गरिदिए । अनमिन प्रमुख इयान मार्टिन माओवादी छापामारको संख्या बढाउने, बृहत् शान्ति सम्झौताका एक हस्ताक्षरकर्ता गिरिजाप्रसाद कोइराला अनमिनको निरीक्षणमा हुनुपर्ने हतियार बाबुराम भट्टराईले सुम्पिने, अर्का हस्ताक्षरकर्ता प्रचण्ड अझै पनि संक्रमणकालीन न्यायमा तगारो हालेर आफूहरू छानबिन या दण्डबाहिरै रहेका छन् । त्यसको बदला कमसेकम तीन ठूला दलका प्रमुख नेता भ्रष्टाचार छानबिनको दायराबाट बाहिर रहने राजनीतिक अभ्यास नेपालमा सुरु भएको छ।

त्यसैले प्रचण्डले ओली या देउवाको विरोध गरे पनि जनताको नजरमा उनीहरू समान रूपमा भ्रष्ट र कारबाहीको भागीदार छन् र जनताले त्यो निर्णय लिएको देखिन्छ अब । गिरीबन्धु टी–स्टेटमा छानबिन गरी आफूलाई निर्दोष देखाउने प्रयास गर्नुको साटो एमाले शेरा दरबारमाथिको अवैध नियन्त्रणमा माओवादी नेतृत्वलाई अपराधी–देखाउने प्रयासमा छ । 'हामी सब चोर, मिलेर खानुपर्छ' भन्ने १८ वर्षको शासकीय अभ्यास अब प्रत्युत्पादक भइसकेको छ । अब सबै लुटेरा र भ्रष्टलाई कारबाहीको घेरामा ल्याउनुपर्छ भन्ने अठोटले भावी आन्दोलनमा इन्धनको रूप लिन थालेको छ। र, त्यसको निशानामा मुख्य खलनायकहरू ओली, देउवा, प्रचण्डसँगै ०६३ यताका सबै प्रधानमन्त्री हुनेछन् । कोही अपवाद होलान् र यसमा नतानिने ?

खासगरी ओलीले ठूला व्यापारिक घरनासँग गरेको 'डिल' र राज्यसत्ताको दुरुपयोगद्वारा उनीहरूप्रति बर्साएको र नेपाल ट्रस्टको सम्पत्तिको दुरूपयोग कुनै पनि कानुनमा आधारित राज्यमा अपराधकै रूपमा स्थापित हुनेछ।

नेपालमा आफूलाई सरोकारवालाको रूपमा स्थापित गरेको बाह्य शक्तिको हैकम र हस्तक्षेप वृद्धि गर्न यहाँका नेता जति भ्रष्ट, कमजोर र महत्वाकांक्षी हुन्छन्, त्यति नै सहज हुन्छ । प्रधानमन्त्री प्रचण्डको पत्रलाई रद्दीको टोकरीमा फ्याँकेजस्तै हाम्रा नेता मुलुकको आन्तरिक परिस्थितिकै सन्दर्भमा पनि उनीहरू पूर्णतया असान्दर्भिक बन्नेछन् । वास्तवमा बनिसकेका छन्।

मनमोहन सिंहले प्रचण्डको पत्र हेर्दै नहेरी फ्याँकेको कुरा त्यागी र शरद यादवले उनलाई त्यसबेला जानकारी दिए या दिएनन् तर ढिलै भए पनि त्यागीको यो रहस्योद्घाटनले प्रचण्ड र १२–बुँदेमा अन्य हस्ताक्षरकर्ता र त्यसबाट सत्तामा पुगेका सबै नेताका लागि 'नेपाली' नेताहरूको अर्थ खोज्न र बाहिरी शक्तिको हातमा गोटी हुन पुगेको तथ्यलाई स्वीकारी नेपाली जनतासमक्ष माफी माग्नुपर्ने आवश्यकताका रूपमा यसलाई लिनु उपयुक्त हुनेछ। देशसञ्चार

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# 'वर्तमान सरकारको पहिलो 'एजेन्डा' संविधानमा सुधार'

**दमक ।**
नेपाली कांग्रेस कोशी प्रदेशका सभापति एवं पूर्वमुख्यमन्त्री उद्धव थापाले वर्तमान सरकारको पहिलो 'एजेन्डा' संविधानमा सुधार रहेको बताएका छन् ।



पार्टीको सय दिने विशेष सांगठनिक अभियानअन्तर्गत आज झापा क्षेत्र नं ५ ले आयोजना गरेको कार्यक्रममा उनले समानुपातिक व्यवस्थाको मर्म नमर्ने गरी राजनीतिक स्थायित्वका सवाल संविधान संशोधनको मुद्दा बन्ने बताए ।

सभापति थापाले राष्ट्रिय राजनीतिमा नेपाली कांग्रेसले निर्वाह गरिरहेको अभिभावकीय भूमिकालाई थप सशक्त बनाउन हाल सञ्चालित अभियानले थप योगदान दिने बताए ।कोशी प्रदेशले यही पुस २४ गतेदेखि कचनकवलबाट सोलुखुम्बुस्थित सगरमाथाको फेदीसम्म सञ्चालन गर्ने पदयात्राले तराईदेखि हिमालसम्मका नागरिकहरुलाई पार्टीमा जोड्न र नयाँ ऊर्जा भर्ने विश्वास व्यक्त गरे ।

'पार्टीले सुरु गरेको यस अभियानका क्रममा चौध जिल्लाको सांगठनिक अवस्था, जनप्रतिनिधिको भूमिका, कांग्रेस सरकारमा रहँदा ल्याइएका गौरवका योजना, पार्टीका अग्रज एवं सहिद परिवारको राजनीतिक योगदान र पारिवारिक अवस्थालगायत विषयमा अन्तरक्रिया हुने भएकाले पनि यसले पार्टीमा ऊर्जा थप्नेछ' उनले भने, 'यो अभियान सात महिनापछि सगरमाथाको कालापत्थरमा जलवायु परिवर्तनसम्बन्धी विभिन्न सात राष्ट्रका विज्ञहरू राखेर छलफल गरेर समापन हुनेछ ।'क्षेत्रीय सभापति ढुण्डिराज भण्डारीको सभापतित्वमा आयोजित कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य महेन्द्रकुमारी लिम्बू, पूर्वआमन्त्रित केन्द्रीय सदस्य दिलीप राई, झापाका पार्टी सभापति देउकुमार थेवे, उपसभापति केशव पाण्डेलगायतले सम्बोधन गरेका छन् ।रासस

# पर्यटकीय क्षेत्र सोलुखुम्बुको विकासमा सरकार प्रतिबद्ध छः प्रधानमन्त्री

**सोलुखुम्बु ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले पर्यटनमा विशेष योगदान दिइरहेको सोलुखुम्बुको विकासका लागि सरकार प्रतिबद्ध रहेको बताएका छन् ।



खुम्बु पासाङ ल्हामु गाउँपालिका–२ सुर्केमा आयोजित ङिमदोर्जी शेर्पा पर्यटन सडक उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले यहाँ विकासका पूर्वाधारलाई थप सबल बनाइने बताए ।

प्रधानमन्त्री ओलीले पर्यटन सडकको स्तरोन्नतिका लागि प्रदेश र सङ्घीय सरकारबीच सहकार्य कायम रहने बताए । 'यो सडकलाई कालोपत्र बनाउने जिम्मा दुवै सरकारको हुनेछ । यस जिल्लाको विकास अभियानमा सरकारले कुनै कसर बाँकी राख्दैन', उनले भने, 'राष्ट्रिय विभूति पासाङ ल्हामु शेर्पा र तेन्जिङ नोर्गे शेर्पा जस्ता विश्वविख्यात सहासिक व्यक्तिहरूको जन्मभूमि खुम्बुमा थप विकासका कामले पर्यटन प्रवद्र्धनमा ठूलो सहयोग पु¥याउनेछ ।'

खुम्बु क्षेत्रमा सडक सञ्जाल विस्तार र स्तरोन्नतिका लागि सरकारले गम्भीर प्रयास गर्ने प्रतिबद्धता दोहो¥याउँदै प्रधानमन्त्री ओलीले यहाँ साहसिक पर्यटन र सांस्कृतिक महत्वलाई थप उजागर गर्न आवश्यक पूर्वाधार निर्माणमा सरकारको विशेष ध्यान जाने बताए । 'सोलुखुम्बु पर्यटकीय सम्भावनाले भरिपूर्ण जिल्ला हो । विश्वकै सर्वोच्च शिखर सगरमाथाको प्रवेशद्वार भएकाले यस क्षेत्रले साहसिक पर्यटकलाई आकर्षित गर्दै आएको छ । यहाँका जनतालाई आर्थिक रूपमा सबल बनाउने गरी विकासका कार्यक्रम अगाडि बढाउन सरकार तयार छ', उनले भने ।

सडकको स्तरोन्नति र पूर्वाधारको विस्तारले यहाँको पर्यटन व्यवसायलाई नयाँ उचाइमा पु¥याउने प्रधानमन्त्री ओलीको विश्वास छ । यस सडक निर्माणले खुम्बु क्षेत्रका बासिन्दालाई यातायात सुविधा सहज बनाउनाका साथै जिल्लाको समग्र आर्थिक र सामाजिक विकासमा सहयोग, पर्यटनमा ऐतिहासिक योगदान पुग्ने अपेक्षा गरिएको छ ।रासस

# एमाले केन्द्रीय समिति बैठक बस्दै



**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) केन्द्रीय समिति बैठक आइतबारदेखि शुरु हुँदैछ । पार्टी केन्द्रीय कार्यालय च्यासलमा बिहान ११ बजेदेखि सुरु हुने बैठकमा पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले राजनीतिक प्रतिवेदन प्रस्तुत गर्नेछन् ।

यसअघि प्रतिवेदनमाथि समूहगत छलफल हुने गरेकामा यसपटक भने प्रत्येक केन्द्रीय सदस्यलाई बेग्लाबेग्लै धारणा राख्ने व्यवस्था मिलाइएको पार्टी उपाध्यक्ष सुरेन्द्र पाण्डेले जानकारी दिए । प्रत्येक सदस्यलाई करिब तीन मिनेटको समय उपलब्ध गराउने तयारी गरिएको छ ।

बैठकको प्रारम्भमा अध्यक्ष ओलीले पछिल्लो राष्ट्रिय राजनीतिक परिस्थितिका बारेमा मन्तव्य दिनेछन् । उनीबाट प्रस्तुत हुने राजनीतिक प्रतिवेदनमा आगामी कार्ययोजना, पार्टी सङ्गठन सुदृढीकरण,वर्तमान सरकार गठन, यसअघिका सरकारमा साझेदारी, सरकारका प्राथमिकता, संविधान संशोधन, आर्थिक सुधार, सहकारीलगायत विषय समेटिएका उपाध्यक्ष पाण्डेले जानकारी दिए ।

बैठकमा केन्द्रीय सदस्य र आयोगका प्रमुखलगायत सहभागी हुनेछन् । दुई दिनभित्र बैठक सक्ने तयारी छ। यही पुस १८ गते एमाले सचिवालय बैठकले केन्द्रीय समिति बैठकमा प्रस्तुत हुने राजनीतिक प्रतिवेदन पारित गरेको थियो ।

अध्यक्ष ओली नेतृत्वमा सरकार गठन भएपछि पहिलो पटक केन्द्रीय समिति बैठक बस्न लागेको हो । संसद्को हिउँदे अधिवेशनको पूर्वसन्ध्यामा बस्न लागेको बैठकले संविधान संशोधनलगायतका 'एजेण्डा' मा ठोस धारणा तय गर्ने बताइएको छ ।रासस

# माओवादी केन्द्रको केन्द्रीय समिति बैठक बस्दै



**काठमाडौँ ।**
नेकपा माओवादी केन्द्रको केन्द्रीय समितिको बैठक आइतबारदेखि बस्ने भएको छ। पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आइतबार अपराह्न १ बजेदेखि बस्ने बैठकमा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रस्तुत गर्ने राजनीतिक तथा सांगठनिक प्रतिवेदनमाथि छलफल हुने पार्टी उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिएका छन् ।

यसअघि बसेको स्थायी समिति बैठकले अध्यक्ष प्रचण्डबाट 'पार्टी रूपान्तरण र पुनर्निर्माणको संकल्पः आजको आवश्यकता' शीर्षकको राजनीतिक प्रतिवेदन पेस हुने टुंगो लगाएको थियो । बैठकको प्रारम्भमा अध्यक्ष प्रचण्डले पछिल्लो राजनीतिक परिस्थितिका बारेमा 'ब्रिफिङ' गर्ने र लगत्तै प्रस्तुत प्रतिवेदनमाथि छलफल हुनेछ ।

केन्द्रीय समिति बैठक सञ्चालनको 'मोडालिटी' टुंगो लगाउन आइतबार बिहान ८ बजे स्थायी समिति बैठक बस्ने केन्द्रीय कार्यालय सचिव डोरप्रसाद उपाध्यायले जानकारी दिए । बैठकमा चार सय नौ पूर्ण केन्द्रीय सदस्य, दुई सय पाँच वैकल्पिक केन्द्रीय सदस्य, तीन आयोगबाट ७५ तथा सात भौगोलिक र तीन गैरभौगोलिक गरी १० प्रदेशका पदाधिकारी गरी एक सय २५ जनाको समेत सहभागिता रहनेछ ।रासस

# राप्रपा नेपालको महाधिवेशन आगामी मङ्सिर १३ गतेदेखि

**काठमाडौं ।**
राप्रपा नेपालको महाधिवेशन आगामी मङ्सिर १३ देखि १५ गतेसम्म काठमाडौँमा हुने भएको छ । पार्टी अध्यक्ष कमल थापाको अध्यक्षतामा यही पुस १९ र २० गते बसेको बैठकले यस्तो निर्णय गरेको हो ।




बैठकले राजनीतिक कार्यपत्र,सङ्गठन विभागको प्रतिवेदन, तराई मधेस उत्थान अभियानसम्बन्धी कार्य योजना, आर्थिक प्रतिवेदन र सचिवालयको प्रतिवेदन परिमार्जनसहित पारित र महाधिवेशनको मिति तय गरेको महामन्त्री राजाराम बर्तौलाले जानकारी दिए ।

बैठकले बलियो राष्ट्रवादी प्रजातान्त्रिक शक्ति निर्माण गर्न समान विचारधारा भएका दल वा समूहसँग सकेसम्म एकता तथा सहकार्य गरी मोर्चा बनाउने र पार्टीले अवलम्बन गरेको सम्वद्र्धनवादको धरातलमा राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको मार्गदर्शन र दिव्योपदेशलाई 'पृथ्वीपथ'को रूपमा अङ्गीकार गर्ने निर्णय गरेको पनि बर्तौलाले जानकारी दिए ।

संवैधानिक निकाय र न्यायपालिकामा हुने नियुक्तिमा राजनीतिकरण र पार्टीगत भागवण्डा अन्त्य गर्न संवैधानिक परिषद् र न्याय परिषद्को गठनविधिमा सुधार र भ्रष्टाचार उन्मुलन गर्न 'जनलोकपाल'को अवधारणामा आधारित अधिकार सम्पन्न संवैधानिक निकायको व्यवस्था गर्न बैठकले माग गरेको छ ।

यस्तै, सहकारी संस्था सञ्चालनसम्बन्धी सरकारले हालै जारी गरेको अध्यादेश अपूरो रहेको ठहर गर्दै बैठकले संकटग्रस्त सहकारी संस्थाहरूको राष्ट्रियकरण गरी बचतकर्ताको रकम फिर्ता गर्ने जिम्मा सरकारले लिनुपर्ने, मिटरव्याजसम्बन्धी समस्या तत्काल नियन्त्रण गरी पीडितलाई न्याय दिन र बैंक तथा लघुवित्तले लिने चर्को व्याज नियन्त्रण गर्न, जनकपुरधामस्थित जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा राख्न र जनकपुर क्षेत्रलाई सांस्कृतिक नगरीको रूपमा एकीकृत विकास गर्न सरकारसँग माग गरिएको महामन्त्री बर्तौलाले बताए । रासस

# सहकारीलाई व्यवस्थित गर्न सरकारी क्रियाशील छः मन्त्री गुरुङ

**काठमाडौँ ।**
सञ्चार तथा सूचनाप्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले केही सहकारी संस्थाका कारण समग्र सहकारी क्षेत्र नै बदनाम भइरहेको उल्लेख गर्दै सहकारीलाई व्यवस्थित गर्न सरकार क्रियाशील रहेको बताएका छन् ।




दिगो पर्यटन सहकारी संस्थाको शनिबार काठमाडौँ आयोजित १४औँ साधारणसभामा मन्त्री गुरुङले सहकारीहरुलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्न हालै सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी भएको बताए ।

उनले सहकारीलाई नियमन गर्न बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थालाई पारदर्शी एवं प्रभावकारी बनाउन राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन गर्ने व्यवस्था समेत अध्यादेशमा भएको जानकारी दिए ।

सरकारका प्रवक्ता समेत रहेका मन्त्री गुरुङले अब एक व्यक्ति एकै प्रकृतिका एकभन्दा बढी सहकारी संस्थामा सदस्य बन्न नपाउने, बचत तथा ऋण कारोबारको सूचना कर्जा सूचना केन्द्रलाई अनिवार्य रुपमा उपलब्ध गराउनुपर्ने, व्यक्तिगत बचत तथा ऋणको सीमा निर्धारण एवं कार्यक्षेत्र तोकिएको बताए ।

'सहकारीमा भएको बचत हिनामिना गर्नेलाई कारबाहीको दायरामा ल्याउने काम भइरहेको छ,'उनले भने, 'बचतकर्ताको बचत फिर्ता गराउने काम सरकारले गरिरहेको छ ।' रासस

# बेलायतको संसद्मा डा. कोइरालाले सम्बोधन गर्ने

**काठमाडौँ ।**
नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले बेलायतको संसद् (वेस्ट मिनिस्टर) मा सम्बोधन गर्ने भएका छन् । उनले आगामी माघ १ (१३ जनवरी) का दिन संसद् भवनभित्र आयोजना हुने विशेष कार्यक्रममा सम्बोधन गर्ने जानकारी दिइएको छ ।

कोइरालालाई बेलायतको एसिया मामला हेर्ने विदेश राज्यमन्त्री क्याथराईन वेष्ट र उद्योग व्यापार वाणिज्यमन्त्री ग्यारेथ थोमसले निमन्त्रणामा बेलायत जान लागेका हुन् । उनी पुस २८ मा बेलायत प्रस्थान गर्ने कोइरालाका स्वकीय सचिव दिनेश थपलियाले जानकारी दिए ।

यसअघि कुनै पनि नेपाली सांसदले बेलायती संसद्मा सम्बोधन गरेका छैनन् । बेलायतले कांग्रेसका 'वरिष्ठ नेता' को उपाधि दिँदै सम्बोधनको निमन्त्रणा पठाएको कोइरालाको सचिवालयले जनाएको छ । कोइरालालाई नेपालको सबैभन्दा पुरानो दल कांग्रेसको प्रतिनिधित्व गर्नेगरी बेलायतमा निमन्त्रणा दिइएको हो । यसअघिको १३ औँ महाधिवेशनमा कोइराला वर्तमान सभापति शेरबहादुर देउवासँग पराजित भएका थिए ।

अहिले देउवासँग कोइराला समर्थकले 'वरिष्ठ नेता' दिन माग गरिरहेका छन् र विगतको कांग्रेस दृष्टान्त पनि सभापतिमा हार व्यहोरेको निकटतम् प्रतिस्पर्धीलाई 'वरिष्ठ नेता' दिने चलन थियो । देउवाले वरिष्ठ नेता दिन अनकनाइ राखेका बेलायत संसद्कै जननी मानिएको बेलायतले भने कोइरालालाई 'वरिष्ठ नेता'कै रूपमा निमन्त्रणा दिएको छ ।



कोइरालाले सम्बोधन गर्ने कार्यक्रममा बेलायतका एसिया मामिला हेर्ने विदेश राज्यमन्त्री, उद्योग, व्यापार तथा बाणिज्य मन्त्रीका साथै वेलायती सांसदहरूको उपस्थिति रहनेछ । बेलायतको संसद् भवन भित्र यसरी त्यहाँका मन्त्री र सांसदलाई सम्बोधन गर्ने अवसर पाउने शेखर कोइराला पहिलो नेपाली नेता हुनेछन् । नेपाल र बेलायतबीचको सम्बन्ध २०० वर्षभन्दा पुरानो हो । नेपाल–बेलायतबीचको सम्बन्ध दक्षिण एसियाकै पुरानो र सुदृढ कूटनीतिक सम्बन्ध हो । आजभन्दा १० वर्षअघि नै नेपाल–बेलायतबीच २ सय वर्षको सम्बन्धलाई स्मरण गर्न बेलायती विदेश मन्त्रालयले भव्य समारोह आयोजना गरेको थियो । नेपालले सन् १९३४ मै बेलायतस्थित लण्डनमा दूतावास स्थापना गरेको हो ।

नेपालको शिक्षा, स्वास्थ्य र विकासमा बेलायतको हरेक वर्ष सहयोग रहँदै आएको छ । बेलायती सेनामा नेपालीलाई भर्ती लिएर बेलायतको सुरक्षाको संवेदनशिल क्षेत्रमा नेपालीलाई नै राखिने गरेको छ ।

बेलायती पूर्वमहारानी एलिजा बेथ द्वित्तीया र वर्तमान चाल्र्सले पटकपटक नेपाल भ्रमण गरेका छन् । नेपालको संसदीय मोडल पनि बेलायती नै हो ।रासस

# तिलोत्तमा उद्योग वाणिज्य संघ र भलाइ कोषबीच सम्झौता



**लुम्बिनी ।**
दुर्घटना न्यूनीकरणका लागि संघसंस्थासँग सहकार्य अभियान सञ्चालन गरिरहेको यातायात मजदुर तथा व्यवसायी भलाइ कोष बुटवलले तिलोत्तमा उद्योग वाणिज्यसँग सम्झौता गरेको छ ।
संघमा आवद्ध व्यवसायीका निजी तथा सार्वजनिक सवारीसाधनहरू भलाइ कोषमा आबद्ध गराउने र दुर्घटना न्यूनीकरण अभियानमा सहकार्य गर्ने उद्देश्यले वाणिज्य संघ र भलाइ कोष बुटवलबीच द्विपक्षीय सम्झौता भएको हो ।
सम्झौतामा दुवै संस्थाका अध्यक्षले हस्ताक्षर गरेका छन् । संघले आफ्ना व्यवसायीका सवारीसाधन कोषमा दर्ता भएर सञ्चालन गर्ने सम्झौता गरेको भलाइ कोषका अध्यक्ष दिनेश फुल्लेलले जानकारी दिए ।
सम्झौतामा निजी तथा भाडामा चल्ने सवारीसाधनका अतिरिक्त संघमा आबद्ध व्यवसायीका मोटरसाइकल तथा स्कुटरहरू समेत कोषमा नियमानुसार शुल्क बुझाइ आबद्ध गराइने उनले बताए ।
कोषमा मासिक शुल्क बुझाउने व्यवसायीलाई दुई सय छुट प्रदान गर्नेगरी सम्झौता भएको तिलोत्तमा उद्योग वाणिज्य संघका अध्यक्ष ज्ञानेन्द्र कार्कीले उल्लेख गरे ।
उनका अनुसार सवारीसाधन बाटोमा दुर्घटना भई जीवित क्षति तथा तेस्रो पक्षको निर्जीव क्षतिको सम्पूर्ण लगानी कोषले बेहोर्नेछ ।
आफ्नो सवारीसाधनको व्यापक बिमा भएको अवस्थामा दुर्घटनाका कारण क्षति भएमा लागेको खर्चमा कोषले ५० प्रतिशत बेहोर्ने सम्झौतामा उल्लेख छ ।
त्यस्तै, दुर्घटना भई चालकलाई हिरासतमुक्त गर्दा लाग्ने खर्च पनि भलाइ कोषले बेहोर्नेछ । मोटरसाइकल र स्कुटर दुर्घटना हुँदा दुईजनासम्मको उपचार खर्च रकम १५ लाखसम्म कोषले लगानी गर्ने सम्झौता भएको संघका अध्यक्षले कार्कीले जानकारी दिए ।रासस

# प्रधानमन्त्री कप महिला क्रिकेट: अछामको सान्त्वना जित



**बैतडी ।**
प्रधानमन्त्री कप महिला टी–२० सुदुरपश्चिम प्रदेशस्तरीय छनोट क्रिकेट प्रतियोगितामा अछामले सान्त्वना जित निकालेको छ ।
प्रतियोगिताबाट बाहिरिसकेको अछामले सान्त्वना जित निकाल्ने क्रममा डोटीलाई २४ रनले पराजित गरेको हो ।
दशरथचन्द क्रिकेट मैदान सुन्दरखालीमा पहिला 'ब्याटिङ' गरेको अछामले निर्धारित २० ओभरमा पाँच विकेटको क्षतिमा एक सय ३५ रन बनायो ।
अछामका रबिना साउदले अर्धसतकीय पारे खेल्दै अविजित ५२ रन जोडिन् । जारी प्रतियोगितामा साउद अर्धसतक हिर्काउने पहिलो खेलाडी बनिन् । डोटीका रेश्मी विष्टले दुई विकेट लिइन् ।
जवाफी ब्याटिङ गरेको डोटी १७ दशमलव चार ओभरमा एक सय चार रनमा अलआउट भयो ।
डोटीका अल्फा श्रेष्ठले ३९ रनको योगदान गरिन् । अछामका लागि रबिना साउद र वबिता धामीले समान तीन/तीन विकेट लिए । यो खेलमा रबिना 'प्लेयर अफ दी म्याच' चुनिएकी छिन् ।
सुदुरपश्चिम प्रादेशिक क्रिकेट संघ आयोजना र बैतडी जिल्ला क्रिकेट संघको सहआयोजना यही पुस १९ गतेदेखि सुरु भएको प्रतियोगिता पुस २५ गते सम्पन्न हुनेछ ।
प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका खेलाडीहरू छनोट गरेर प्रधानमन्त्री कप महिला राष्ट्रिय प्रतियोगिताका लागि प्रदेशको टोली तयार गरिने सुदूरपश्चिम प्रादेशिक क्रिकेट संघका अध्यक्ष वासुदेव जोशीले बताए । प्रधानमन्त्री कप महिला राष्ट्रिय प्रतियोगिता आगामी माघ पहिलो सातादेखि धनगढीमा हुँदैछ ।रासस

# मनोरञ्जनात्मक चलचित्रमा दर्शकको आकर्षण

**काठमाडौँ ।**
ग्रेगोरियन पात्रोअनुसार बुधबारदेखि नयाँ वर्ष इस्वी संवत् २०२५ सुरु भइसकेको छ ।
यस वर्षलाई लक्षित गर्दै नयाँ चलचित्रले प्रदर्शन घोषणा गरिसकेका छन् । यद्यपि गएको वर्ष सन् २०२४ मा कलात्मकलाई ध्यान राखेर बनाइएको कमै चलचित्र प्रदर्शन भए ।
सन् २०२४ मा 'शाम्बाला', 'गाउँ आएको बाटो', 'द रेड सुटकेस' लगायात केही चलचित्र प्रदर्शन हुँदा चलचित्र भवनमा दर्शकको अभाव देखियो । चलचित्रले समीक्षात्मक रूपमा राम्रो चर्चा बटुले व्यावसायिक रूपमा भने असफल रहे ।
गत वर्षको सफल चलचित्रको सूचीमा 'महाजात्रा', 'बोक्सीको घर', 'छक्का पञ्जा ५', '१२ गाउँ' र 'पूर्णबहादुरको सारंगी' व्यावसायिक रूपमा सफल भएका थिए । उल्लेखित अधिकांश चलचित्रमा सामाजिक विषयलाई मनोरञ्जनात्मक शैलीमा प्रस्तुत गरिएको छ । कोरोना महामारी पश्चात् डिजिटल प्लेटफर्मको प्रयोग नेपालमा पनि बढेको थियो ।
विश्वभरका चलचित्र हेरेर भिन्न–भिन्न स्वाद लिए पनि दर्शक रमाइला चलचित्रमा नै केन्द्रित देखिएको चलचित्र लेखक तथा समीक्षक सामीप्यराज तिमल्सेनाको विश्लेषण छ । कोरोना महामारीपछि चलचित्र साक्षरता बढेको मानिए पनि त्यसको प्रभाव नदेखिएको उनले बताए ।
'विश्वका चलचित्र महोत्सवमा पुगेका चलचित्रमा दर्शकको आकर्षण नदेखिनुले उहाँहरू चलचित्र भवनमा विशुद्ध मनोरञ्जन लिन पुग्नुहुन्छ भन्ने स्पष्ट संकेत गरेको छ । शृङ्खलाबद्ध र रमाइला चलचित्रमा दर्शकको उपस्थिति देखियो,' लेखक तिमल्सेनाले भने, 'निर्माता र निर्देशकले एकै किसिमका चलचित्र भने दिनु हुँदैन । केही फरक गरिरहनुपर्छ । नत्र विस्तारै चलचित्रप्रति आकर्षण घट्न सक्छ ।'
निर्देशक अनिल योञ्जनले दर्शकले रुचाएका चलचित्रअनुसार विविधता दिनुपर्ने बताए ।
उनले भने, 'म अहिले कलात्मक चलचित्रलाई व्यावसायिक रुपमा तयार गर्नुपर्ने विचारसँग सहमत छु । किनकि दर्शकले चाहेको विधामा विविधता पस्किन सक्नुपर्छ ।'
पछिल्लो समय कलात्मक भनिएका चलचित्रमा व्यावसायिक रुपमा परिचत कलाकारलाई राखिएको छ । अभिनयमा पारङ्गतसँगै व्यावसायिक रुपमा चिनिने अनुहार भए तापनि त्यसमा आकर्षण नहुनु सोचनीय विषय रहेको चलचित्र निर्देशक पुर्णेन्दु झाले बताए । 'कलात्मक भनेर निर्माण हुने चलचित्रले दर्शकलाई बाध्न सक्नुपर्छ ।
दर्शकलाई एउटा चलचित्र मन परेन भने पुनः फर्काउन गाह्रो हुन्छ । मनोरञ्जनात्मक चलचित्रको तुलनामा कलात्मक भनिने 'आर्ट' चलचित्रले बढी मेहेनत गरेर दर्शकमैत्री हुनु आवश्यक छ,' उनले भने ।रासस

# अंग्रेजी नयाँ वर्षमा पनि आएनन् सौराहामा पर्यटक

**चितवन ।**
अङ्ग्रेजी नयाँ वर्षको अघिल्लो दिन बिहानदेखि होटलका गेटमा कोठा खाली नभएका सूचना देख्न सकिन्थे । मध्याह्नसम्ममा अधिकांश होटल भरिसकेका हुन्थे । साँझ कोठा खोज्नेले पाउनै नसकेर फर्किनुपथ्र्यो । सौराहाका कुनाकुनासम्मका होटल भरिभराउ हुने गर्दथे ।
यस वर्ष अवस्था फरक देखियो । सौराहामा पर्यटकको आगमन भए पनि विगतको जस्तो खचाखच हुन सकेन । नयाँ वर्षको दुई दिन पहिलेदेखि दुईदिन पछिसम्म होटलमा पर्यटकको राम्रो उपस्थिति हुने गर्दथ्यो । विगत १४ वर्षदेखि प्रत्यक्षरूपमा पर्यटन व्यवसाय लागेका क्षेत्रीय होटल सङ्घका पूर्वअध्यक्ष सुमन घिमिरे आफूले पेसा अँगालेपछिको नयाँ वर्षमा सबैभन्दा कम पर्यटक यस वर्ष आएको बताउँछन् । व्यवसायीको भनाइमा यो वर्ष ८० प्रतिशतभन्दा बढी कोठा भरिएका थिएनन् ।
घिमिरेको भनाइमा सडक सञ्जालका कारण पर्यटकको आगमनमा कमी भएको हो । काठमाडौँबाट आउने पर्यटक दिनको समयमा राजमार्ग बन्द हुने भएकाले रोकिए । यस्तै पोखरा र बुटवलतर्फबाट आउनेहरू बाटो सहज नहुँदा आउन अनिच्छुक देखिए । घिमिरे भन्छन्, 'सडकसँगै आर्थिक मन्दी र यहाँ नयाँ कार्यक्रम नहुँदा पर्यटकको कमी भएको हुनुपर्छ ।'केही दिन अगाडिसम्म हात्ती महोत्सव भए पनि नयाँ वर्षका दिन खासै ठूलो कार्यक्रम हुन सकेन । सौराहा क्षेत्रमा साँझमा घुमेर फर्किने आन्तरिक पर्यटकको सङ्ख्या राम्रै देखिए पनि होटलमा बस्नेहरूमा कमी आएको उनको भनाइ छ ।होटल जङ्गल क्राउनका महाप्रबन्धक सन्तोष गिरी बालबालिकाको परीक्षाको कारण पनि पारिवारिक घुमघाम कम भएको अनुमान गर्छन् । कार्यक्रम राखिएका होटलमा पर्यटक भरिए पनि धेरै होटलले पाहुना कम भएको गुनासो गरेको उनले बताए । विगतका वर्षहरूको तुलनामा यस वर्ष पर्यटकमा कमी आएको उनको भनाइ छ ।
सौराहा आउने पर्यटकको मुख्य रोजाइ जङ्गल सफारी हुने गर्दछ । हात्ती सफारी गराउँदै आएको युनाइटेड हात्ती सञ्चालक सहकारी संस्थाका अध्यक्ष दीपेन्द्र खतिवडा नयाँ वर्षमा पनि पर्यटकको सङ्ख्यामा कमी आएको बताउँछन् ।विगतका वर्षहरूमा एउटा हात्तीले पाँच पटकसम्म पर्यटकलाई जङ्गल घुमाउने गरेको स्मरण गर्दै उनले यस वर्ष मुस्किलले तीन खेप गरेको बताए । उनले भने, 'विगतमा पाँच पटक हात्तीले पर्यटकलाई घुमाउँदा पनि पालो नपाएर धेरै फर्किने गर्दथे ।' उनको भनाइमा यस वर्ष २५ प्रतिशतभन्दा कम पर्यटक सौराहा घुम्न आएको अनुमान गर्न सकिन्छ । क्षेत्रीय होटल सङ्घका महासचिव गुणराज थपलिया सडक सञ्जाल, आर्थिकमन्दी, बालबालिकाको परीक्षालगायतका कारण पर्यटकको कमी भएको बताउँछन् । उनले भने, 'बाटो कुनै निर्माणाधीन, कुनै बन्द छन्, जहाजको भर छैन, कहाँबाट पर्यटक आउनु ?' आम नागरिक आर्थिकमन्दीको चपेटामा रहेकाले पनि घुम्न आउने घटेको उनको भनाइ छ ।
सौराहामा एक सय ६० वटा होटल छन् । ती होटलमा छ हजार पाँच सय पर्यटक अटाउँछन् । असी प्रतिशत हाराहारी मात्रै भरिएको थपलिया बताउँछन् । उनले भने, 'पहिले पहिले दिउँसै होटल भरिएर सूचना टाग्नुपथ्र्याे, यो वर्ष यस्तो भएन ।' आएकामध्ये ८० प्रतिशत नेपाली र बाँकी भारतीय एवं तेस्रो मुलुकका रहेको उनको भनाइ छ । चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती सामुदायिक वनमा जीप, डुङ्गा, हात्ती सफारीका लागि पर्यटक आउने गर्दछन् ।रासस

# चिनियाँ चलचित्र महोत्सव पुस २५ मा




**काठमाडौँ ।**
नेपाल र चीनबीचको सांस्कृतिक सम्बन्धलाई अझ सुदृढ बनाउने उद्देश्यले यही पुस २५ गते चिनियाँ चलचित्र महोत्सव आयोजना हुने भएको छ ।
चाइना फिल्म एडमिनिस्ट्रेशन, यहाँस्थित चिनियाँ राजदूतावास, चाइना फिल्म आर्काइभ र नेपाल फिल्म एण्ड कल्चरल एकेडेमीले संयुक्त रूपमा आयोजना गर्ने महोत्वसवमा दर्शकले अधिक मनपराएका तीन वटा चलचित्र प्रदर्शन हुनेछन् ।
चलचित्र प्रदर्शनपछि ती चलचित्रका निर्माता, निर्देशक र कलाकारहरुले दर्शकसँगै छलफल गर्न सक्नेछन् ।
महोत्वसवमा नेपाली चलचित्रका चर्चित कलाकार,निर्देशक, प्राविधिक र विशिष्ट व्यक्तित्वको उपस्थिति रहने नेपाल फिल्म एण्ड कल्चरल एकेडेमीले जनाएको छ ।रासस

# प्राकृतिक विपद: १२ अर्ब ८६ करोड ६६ लाख बराबरको बीमा दावी



**काठमाडौँ ।**
गत असोजको १० गते पछिको अविरल बर्षापछिको बाढी र पहिरोबाट भएको क्षतिबाट १२ अर्ब ८६ करोड ६६ लाख ८८ हजार तीन सय ३१ रुपैयाँ बराबरको बीमा दावी भएको छ ।
नेपाल बीमा प्राधिकरणका अनुसार, कूल तीन हजार छ सय ८६ वटा दावीको आवेदन परेको छ । सोमध्ये हालसम्म एक हजार आठ सय नौ वटा दावीको एक अर्ब ७८ करोड ८१ लाख ३८ हजार एक सय ५४ रुपैयाँ बराबर भुक्तानी भएको छ ।
प्राधिकरणका अनुसार सम्पत्ति बीमामा एक हजार सात सय ७४ वटा दावी परेको छ । नौ अर्ब २२ करोड २५ लाख ५६ हजार दुई सय २८ रुपैयाँ बराबरको दावी सम्पत्ति बीमामा परेको छ ।
यस्तै, इञ्जियिरिङ तथा ठेकेदार जोखिममा तीन सय २४ वटा दावी परेको छ । त्यसमा दुई अर्ब ८४ करोड १९ लाख २६ हजार पाँच सय ९२ रुपैयाँ बराबरको दावी परेको प्राधिकरणले जनाएको छ ।
मोटर बीमा निजीतर्फ नौ सय ५४ वटा आवेदन परेको छ । त्यसमा ४१ करोड ५३ लाख ४४ हजार रुपैयाँ बराबरको दावी रकम माग गरिएको छ ।
मोटर बीमा सार्वजनिकतर्फ तीन सय ९३ वटाको आवेदन परेको छ । त्यसमा २८ करोड ९९ लाख १६ हजार रुपैयाँ बराबरको दावी रकम माग भएको छ । सामुन्द्रिक बीमामा २३ वटा आवेदन परेको छ । त्यसमा चार करोड चार लाख ९७ हजार रुपैयाँ बराबरको रकम माग भएको छ ।
पशुपन्छी बीमातर्फ ६० वटा आवेदन पर्दा तीन करोड ८२ लाख ५५ हजार दुई सय ६७ रुपैयाँ बराबरको रकम माग भएको छ । कृषि बाली बीमातर्फ एक सय ३७ वटा आवेदन पर्दा एक करोड पाँच लाख ९१ हजार छ सय ९५ रुपैयाँ बराबरको माग दावी भएको छ । विविधतर्फ २१ वटा आवेदन पर्दा ७५ लाख ९९ हजार सात सय ६७ रुपैयाँ बराबरको माग दावी भएको छ ।
प्राधिकरणका अनुसार कोशीमा दुई सय ६७ दावी परेकामा एक सय ५८ वटाको भुक्तानी भएको छ । मधेशमा एक सय आठ वटामा ३७ को मात्रै भुक्तानी भएको छ । बर्षा र बाढी प्रभावित वाग्मती प्रदेशमा तीन हजार दुई सय १३ माग दावी रहेकामा एक हजार पाँच सय ८५ वटाको बभुक्तानी भएको छ ।
गण्डकीमा ४७ वटाको माग हुँदा १५ को मात्रै भुक्तानी भएको छ । कर्णालीमा आठ वटा आवेदन पर्दा चार वटाको भुक्तानी भएको छ । त्यस्तै, सुदूरपश्चिममा छ वटा आवेदन पर्दा तीन वटाको भुक्तानी भएको प्राधिकरणले जनाएको छ ।रासस

# अमेरिकाले आठ वटा क्षेप्यास्त्र खसालेको रूसको दाबी

**मस्को ।**
रूसले अमेरिकाले आपूर्ति गरेको अत्याधुनिक (एटिएसिएमएस) क्षेप्यास्त्र खसालेको दावी गरेको छ ।
रूसलेविरूद्ध युक्रेनले प्रयोग गरेको एटिएसिएमएस क्षेप्यास्त्रको प्रयोगले मध्य किएभमा हाइपरसोनिक ब्यालेस्टिक क्षेप्यास्त्र आक्रमण हुनसक्ने चेतावनी दिएको छ ।
निवर्तमान अमेरिकी राष्ट्रपति जो बाइडेनले गत वर्ष युक्रेनलाई रुसविरुद्ध ३०० किलोमिटर (१९० माइल) दूरीका हतियार प्रयोग गर्न अनुमति दिनुभएको थियो ।
रूसी रक्षा मन्त्रालयले भनेको छ, 'रूसी हवाइ सुरक्षा प्रणालीले अमेरिकामा निर्मित आठ वटा एटीएसीएमएस क्षेप्यास्त्र र ७२ वटा ड्रोन खसालेको छ ।'
मन्त्रालयले पूर्वी लुगान्स्क क्षेत्रको केही बस्तीमध्ये एक युक्रेनी गाउँ नादियालाई पनि नियन्त्रणमा लिएको जनाएको छ । सन् २०२४ मा युक्रेनमा मस्कोले करिब चार हजार वर्ग किलोमिटर (१,५४० वर्ग माइल) क्षेत्रलाई कब्जा गरेको एएफपीले प्रप्त गरेको विश्वस्त तथ्याङ्कले देखाएको छ ।
दुवै पक्षले एक अर्कामाथि सन् २०१९ को सुरुदेखि नै सर्वसाधारणमाथि घातक आक्रमण गरेको आरोप लगाउँदै आएका छन् ।
युक्रेनको उत्तरपूर्वी खार्किभ क्षेत्रको एक गाउँमा शनिबार रूसले गरेको आक्रमणमा परी ७४ वर्षीय वृद्धको मृत्यु भएको क्षेत्रीय गभर्नर ओलेग सिनेगुबोभले जानकारी दिए ।

# निरन्तर घट्दै टेलिकम सेवाप्रदायकको राजस्वमा योगदान

“

**डाटाको कमजोर खपत:** हाल ग्राहकहरुले औसतमा मासिक चार जीबी मात्रै डाटा खपत गरिरहेका छन् । जबकी दक्षिण एसियाका अन्य देशमा डाटाको खपत नेपालको तुलनामा अत्यधिक बढी छ । तथ्याङ्कअनुसार बङ्गलादेशमा १३ जीबी, भारतमा २० र पाकिस्तानको नौ जीबी डाटा मासिक रुपमा प्रत्येक ग्राहकले खपत गरिरहेको अवस्थामा नेपालमा भने विभिन्न कारणले खपत बढ्न सकेको छैन । विश्वमा समेत औसत डाटा खपत प्रतिव्यक्ति २० जीबी छ । एनसेलका अनुसार नेपालमा ७७ प्रतिशत मोबाइल प्रयोगकर्ता छन् र उनीहरुले ६० प्रतिशत समय वाइफाइ प्रयोग गरिरहेका छन् ।

”




**कमलकुमार बस्नेत**
**काठमाडौँ ।**

पछिल्लो एक दशक टेलिकम सेवाप्रदायकका लागि व्यापारका हिसाबले प्रतिकुल रह्यो । यस अवधिमा केही सेवाप्रदायक बन्द भए भने यस क्षेत्रबाट हुने समग्र आम्दानीमा पनि ठूलो सङ्कुचन आयो । नेपाल दूरसञ्चार प्राधिकरणका केही समय अघिसम्म छ वटा सेवाप्रदायक रहेकामा अहिले दुई वटामा सीमित भएका छन् भने आम्दानी करिब २५ प्रतिशतले ओरालो लागेको छ । टेलिकम सेवाप्रदायकको आम्दानीमा संकुचन आउँदा यसको सोझो असर राज्यले प्राप्त गर्ने राजस्वमा पनि परेको छ । विश्व बैंकले सार्वजनिक गरेको नेपालसम्बन्धी प्रतिवेदनमा सन् २०१६ मा दूरसञ्चार कम्पनीहरुले मुलुकको कुल ग्राहस्थ्य उत्पादन (जिडिपी)मा करिब ४ प्रतिशत योगदान रहेकामा सन् २०२३ मा आइपुग्दा यो आधाभन्दा बढीले कम भएको छ । सन् २०१६ मा दूरसञ्चार सेवाप्रदायकको जीडीपीमा तीन दशमलव नौ प्रतिशत योगदान रहेकामा सन् २०२३ मा आइपुग्दा एक दशमलव आठ प्रतिशतमा सीमित भएको छ । त्यति मात्रै होइन, त्यसयता सेवाप्रदायकको योगदान बर्सेनि घट्दो क्रममा छ ।




विज्ञहरु यदि समयमै नीतिगत सुधार नहुने हो भने सेवाप्रदायकको आम्दानी र सरकारले प्राप्त गर्ने राजस्व थप सङ्कुचित हुने बताउँछन् । नेपाल दूरसञ्चार प्राधिकरणका पूर्व वरिष्ठ निर्देशक आनन्दराज खनालका अनुसार हाल टेलिकम कम्पनीहरु संकटोन्मुख अवस्थामा छन् । टेलिकम कम्पनीहरुको अनुमतिपत्र नवीकरण शुल्कदेखि, भाइबर, ह्वाट्स एप, इमोलगायतका ओटीटी (ओभर दि टप) प्लेटफर्मलगायतका समस्या सम्बोधन नगर्ने हो भने टेलिकम कम्पनीहरुलाई आगामी दिनमा व्यवसाय सञ्चालन गर्न समेत गाह्रो हुने अवस्था आउनसक्ने उनको विश्लेषण छ ।

तथ्याङ्कअनुसार सन् २०१७ मा टेलिकम सेवाप्रदायकको जीडीपीमा योगदान तीन दशमलव चार प्रतिशत, सन् २०१८ मा तीन प्रतिशत, सन् २०१९ मा दुई दशमलव सात प्रतिशत, सन् २०२० मा दुई दशमलव चार प्रतिशत हुँदै सन् २०२१ मा दुई दशमलव दुई प्रतिशत र सन् २०२२ मा एक दशमलव नौ प्रतिशतमा सीमित भएको छ । महङ्गो सञ्चालन खर्च, बर्सेनि सेवा सञ्चालानार्थ ठूलो लगानीका बावजुद नियमनकारी निकायले सहजीकरण नगरिदिँदा सृ◌ृजित समस्याका कारणले टेलिकम सेवाप्रदायकहरुले यो समस्या भोग्नु परेको विज्ञ खनालको बुझाइ छ । ‘अर्बौं लगानी भइरहेको क्षेत्रमा सरकारले पनि सोहीअनुसार उनीहरुलाई आम्दानीका लागि सहजीकरण गरिदिनुपर्छ”, उहाँले भन्नुभयो, “जबसम्म कम्पनीहरुले आम्दानी गर्न सक्दैनन्, तबसम्म प्रभावकारी र गुणस्तरीय सेवाप्रवाह र विस्तार गर्न सक्दैनन्, त्यसैले ठूला लगानी भएका क्षेत्रमा पनि समान र न्यायोचित व्यवहारको आवश्यकता छ ।’ प्राधिकरणका अनुसार हाल सञ्चालनमा रहेका दुई सेवाप्रदायक नेपाल टेलिकम र एनसेलले मात्रै हालसम्म रु पाँच खर्बभन्दा बढी राजस्वमार्फत सरकारलाई योगदान गरिसकेका छन् र यो प्रत्येक वर्ष घट्दो अवस्थामा छ । त्यसबाहेक टेलिकम कम्पनीहरुले जनतालाई सञ्चारको सुविधा उपलब्ध गराउँदै अर्थतन्त्रलाई विभिन्न आयामबाट चलायमान बनाइरहेका छन् । हाल यस क्षेत्रमा हाल ४० हजारभन्दा बढीले रोजगारी पाइरहेका छन् ।

नेपाल टेलिकमले आर्थिक वर्ष २०८०÷८१ को वित्तीय प्रतिवेदनमा भ्वाइस, एसएमएस सेवासहित समग्रमा राजस्व घट्नुमा ओटीटी प्लेटफर्मको नकारात्मक प्रभाव नै भएको उल्लेख गरेको छ । साथै प्रविधिमा आएको परिवर्तनका कारण पिएसटिएन तथा एडिएसएल सेवाको राजस्व विगतका वर्षहरुदेखि नै लगातार घट्दो क्रममा रहेको उल्लेख गरेको छ । बढ्दो प्रतिष्पर्धाका कारण नियमित रुपमा महसुल दरमा गर्नुपरेको कटौती तथा सस्तो दररेटमा उपलब्ध अफर प्याकेजका कारण साधारण ट्यारिफ प्रयोग गर्नेभन्दा प्याकेज प्रयोगकर्ता बढेपछि ग्राहक संख्या बढेपनि जीएसएम सेवाको राजस्व उक्त आर्थिक वर्षमा ४४ करोड रुपैयाँले कम भएको नेपाल टेलिकमको भनाइ छ । ‘दूरसञ्चार प्रविधिको विकास, इन्टरनेट सेवाको बढ्दो पहुँचका कारण ओटीटी (जस्तै भाइबर, ह्वाट्सएप, म्यासेन्जर, इमो आदि) सेवाहरुको व्यापक प्रयोग, विदेशबाट हुने आगमनकल र मुलुकभित्रको कलको परिमाणमा असर परेका कारण अन्तरआबद्धता आय करिब ६८ करोडले कम भएको छ भने समग्रमा समीक्षा अवधिमा कुल आय सञ्चालन एक अर्ब ६५ करोड रुपैयाँले सञ्चित भएको छ’, कम्पनीको आव २०७९र८० को वार्षिक प्रतिवेदनमा उल्लेख छ ।

एनसेलका प्रमुख नियामक मामिला अधिकृत विशाल उपाध्याय सञ्चार क्षेत्रलाई पनि अन्य युटिलिटिज जस्तै सुविधा दिनुपर्ने आवश्यकता औँल्याउँछन् । उनका अनुसार जसरी पानी, विजुली र सरसफाइका लागि नियम छ, त्यस्तै व्यवस्था टेलिकम क्षेत्रमा पनि हुनुपर्ने उनको धारणा छ ।

‘हामी सबैले खानेपानीका लागि मासिक रुपमा निश्चित शुल्क तिरिरहेका हुन्छौँ, विजुली र फोहोर व्यवस्थापनको हकमा पनि त्यही हो । मोबाइल सेवामा पनि यो क्षेत्रलाई चलायमान राख्न र कमाउदै विकासमा पुनः लगानी गर्न सक्ने बनाउन केही सुनिश्चितता चाहिन्छ । यसका लागि हालको अवस्थामा कमिटमेन्ट मोडल एक हुनसक्छ जस्मा ग्राहकले निश्चित अवधिमा निश्चित रकमको सेवा लिन सक्छन्’, उनले भने, ‘बर्सेनि अर्बौं रुपैयाँ लगानी भइरहेको यस क्षेत्रको संरक्षण र विकासका लागि पनि सरकारले त्यसप्रकारको नीति ल्याउनु जरुरी भइसकेको छ ।’ हालै एक सार्वजनिक कार्यक्रममा एनसेलका प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत (सीइओ) जाब्बोर कायुमोभले टेलिकम कम्पनीको आम्दानी मात्रै घटेका हिसाबले हेर्न नहुने उल्लेख गर्दै यसबाट मुलुकले पनि यस क्षेत्रबाट प्राप्त हुनसक्ने लाभ गुमाइरहेको धारणा राखे । उनले टेलिकम क्षेत्रका केही मुद्दा तत्काल नै सम्बोधन नभए अर्बौंको लगानी संकटमा पर्ने समेत जिकिर गरे । उनले नेपालले पनि भारत सरकारले जस्तै टेलिकम कम्पनीलाई बचाउनका लागि केही नीतिगत सुधारमा जोड दिनुपर्ने आवश्यकता औँल्याएका थिए । साथै दीर्घकालीन रुपमा कमिटमेन्ट मोडल र मुलुकमा रहेको मूल्यस्फीतिको आधारमा टेलिकम सेवाको मूल्य समाजोजन आवधिक रुपमा परिमार्जन गर्न् सकिने उनको भनाइ थियो ।

टेलिकम कम्पनीहरु नियामकीय प्रावधानका कारण पनि आफूहरुको आम्दानी गुमिरहेको बताउँछन् । त्यसैमध्येको एक हो, दूरसञ्चार सेवा शुल्क । सन् २०१८ मा १० प्रतिशतमा रहेको यो शुल्कलाई बढाएर १३ प्रतिशत बनाइयो । जुन वार्षिक सात अर्ब रुपैयाँ हुन्छ, भने डाटा सेवामा यो शुल्क लगाउँदा त्यो रकम वार्षिक पाँच अर्ब रुपैयाँ हुन्छ । साथै स्पेक्ट्रममा बाँडफाँटमा ढिलाइ तथा उच्च शुल्क हुँदा पनि टेलिकमका सेवाप्रदायकलाई घाटा भएको देखिन्छ । साथै इन्टरकनेक्सन दर प्रतिमिनेट ५४ पैसाबाट प्रतिमिनेट १० पैसामा सीमित गर्दा टेलिकम सेवाप्रदायकको वार्षिक ३ अर्ब रुपैयाँभन्दा बढी गुमेको छ । एनसेलका अनुसार आउटगोइङ लोकल भ्वाइस (पेएजयूगो)को दर प्रतिमिनेट एक रुपैयाँ ९९ पैसाबाट एक रुपैयाँ ६२ पैसामा सीमित गर्दा वार्षिक एक अर्ब ७० करोड घाटा भएको छ भने सरकारले टिकटकमा प्रतिबन्ध लगाउँदा टेलिकम सेवाप्रदायकको एक अर्ब २० करोड आम्दानी घटेको थियो । यसरी हेर्दा नियामकीय प्रावधानका कारण टेलिकम क्षेत्रले करिब २२ अर्ब आम्दानी गुमाएको टेलिकम सेवाप्रदायक एनसेलको दाबी छ ।

## घट्दो भ्वाइस र आइएलडीको आम्दानी

दुवै टेलिकम कम्पनीहरु भ्वाइस, डाटा र अन्तर्राष्ट्रिय आगमन कलबाट हुने आम्दानी संकुचित हुँदै जानुमा ओटीटी प्लेटफर्म मुख्य कारण भएको बताउँछन् । यसका लागि सरकारले नीतिगत रुपमा समस्या सम्बोधन गर्नुपर्ने उनीहरुको बुझाइ छ । नेपाल टेलिकमका प्रबन्ध निर्देशक सङ्गीता पहाडीले नयाँ बन्न लागेको दूरसञ्चार ऐनको मस्यौदामा आफूहरुले यस प्रकारको समस्या समाधान हुने गरी सुझाव दिएको बताउँछन् । नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार आर्थिक वर्ष २०७३÷७४ मा भ्वाइसबाट हुने आम्दानी रु ४३ अर्ब ५१ करोड ७० लाख रहेकामा आव २०७९÷८० मा आइपुग्दा २५ दशमलव ११ प्रतिशतले घटेर ३२ अर्ब ५८ करोड ८० लाखमा सीमित भएको छ । साथै सोही अवधिमा इन्टरनेशनल लङ डिस्टेन्स कल (आइएलडी)बाट हुने आम्दानी ५६ दशमलव ६४ प्रतिशतले ओरालो लागेको छ । अर्थात् आव २०७३÷७४ मा नेपाल टेलिकम र एनसेलले अन्तर्राष्ट्रिय कलमार्फत २५ अर्बभन्दा बढी आम्दानी गरेकामा आव २०७९÷८० मा आइपुग्दा १० अर्ब ८५ करोडमा सीमित भएको छ ।

## खुम्चँदै आम्दानी

आर्थिक वर्ष २०१६÷१७ मा नेपाल टेलिकम र एनसेलले वार्षिक ९७ अर्ब रुपैयाँ आम्दानी गरिरहेकामा अहिले त्यो खुम्चिएर ७३ अर्ब रुपैयाँमा झरेको छ ।

एनसेलले गरेको एक प्रक्षेपण अनुसार नितीगत सुधार नगरेको अवस्थामा आगामी दिनमा दुवै टेलिकमको आम्दानी अझै गुम्ने स्पष्ट देखिन्छ भने केही वर्षभित्रै कम्पनीहरु घाटामा जान सक्नेछन् । यसैगरी, सेवाप्रदायकहरुले नयाँ प्रविधि भित्र्याउन गर्नपर्ने लगानी, आक्रमक रुपमा सेवा विस्तार प्रभावित हुनुका साथै हालको नेटवर्कको सेवाको गुणस्तार समेत कायम राख्न चुनौतिपूर्ण हुने देखिन्छ । नेपाल दूरसञ्चार प्राधिकरणका पूर्वअध्यक्ष भेषराज कँडेलका अनुसार टेलिकमको बजार बढ्दै जाने र आम्दानी घट्दै जानुको अर्थ केही नीतिगत रुपमा समस्या रहेको बुझ्न सकिन्छ ।

सरकारले ठूला लगानी भएका टेलिकम क्षेत्रका लागि पनि सञ्चालन र आम्दानीका लागि सहजीकरण गर्न आवश्यक रहेको उहाँको बुझाइ छ । टेलिकम क्षेत्रबाट हुने आम्दानी ८ वर्षमा झण्डै २५ अर्ब कम हुँदा राज्य कोषमा पनि असर पर्छ । घट्दो राजस्वको आँकडा हेर्दा यसबाट कुनै आयोजना निर्माण हुने पुँजी समेत गुमिरहेका अर्थमा पनि बुझ्न सकिने कँडेल बताउँछन् ।

# न्यायिक समितिलाई प्रभावकारी बनाउनु पर्छः दत्त




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशी आयोगका अध्यक्ष विजयकुमार दत्तले संविधानप्रदत्त अधिकार उपयोग गर्दै देशभरका पालिकाले प्रभावकारी ढङ्गले काम गर्नुपर्ने बताएका छन् । मधेशी आयोग नेपालद्वारा शनिबार जनकपुरधाममा आयोजित प्रशिक्षक–प्रशिक्षण कार्यक्रममा उहाँले स्थानीय तहका विवाद पालिकाका न्यायिक समितिले समाधान गर्नुपर्ने बताए । साथै अध्यक्ष दत्तले सक्षम एवम् अधिकारसम्पन्न बनाउनेतर्फ पालिका प्रमुख तथा उपप्रमुखले विशेष ध्यान दिनुपर्नेमा जोड दिए । आयोगका सदस्य जीवछ साहले मधेशी आयोगको काम कर्तव्य अधिकारबारे जानकारी दिँदै बजेट अभावले आयोगलाई काम गर्न समस्या भएको गुनासो गरे । धनुषा जिल्ला अदालतका जिल्ला न्यायाधीश चुरामन खड्काले पालिकाबाट स्थानीयस्तरका झगडा मिलाउँदा अदालतमा मुद्दाको चाप घट्नका साथै न्यायप्राप्तिमा विलम्ब नहुने बताए । जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलले स्थानीयस्तरका विवाद स्थानीय तहबाटै समाधान गर्नुपर्ने बताए । धनुषा जिल्ला प्रहरी कार्यालयका प्रमुख भुवनेश्वर तिवारीले न्यायिक समितिहरुबाट अपेक्षित रूपमा कार्यसम्पादन नहुँदा प्रहरीमाथि थप बोझ परेको गुनासो गरे । प्रशिक्षणमा धनुषाका १८ पालिकाका उपप्रमुख तथा प्रशासकीय अधिकृत र जिल्लाका प्रहरी कार्यालय धनुषाअन्तर्गतका सहायक तथा अधिकृतस्तरका कर्मचारी गरी ५० जना सहभागी छन् ।

# ‘जय ट्रफी’ को सम्पूर्ण तयारी पूरा




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज र जनकपुरमा आयोजना हुने जय ट्रफी एलिट कपको सम्पूर्ण तयारी पूरा भएको छ । नेपाल क्रिकेट सङ्घ (क्यान) को आयोजनामा पुस २१ गतेदेखि माघ ३ गतेसम्म सञ्चालन हुन लागेको दुई दिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब, बागमती प्रदेश र मधेस प्रदेशले प्रतिस्पर्धा गर्नेछन् । क्यान पर्साका अध्यक्ष मनिष सिंहका अनुसार, जनकपुरमा हुने प्रतियोगिताको उद्घाटन खेलमा मधेश प्रदेश र बागमती प्रदेश खेल्नेछन् । वीरगंजको नारायणी क्रिकेट मैदानमा नेपाल पुलिस क्लब र त्रिभुवन आर्मी क्लबबीच पहिलो खेल खेलिनेछ । खेलहरू राउन्ड रोबिन आधारमा सञ्चालन हुनेछ, जसबाट शीर्ष दुई टिम फाइनलमा प्रवेश गर्नेछन् ।

**टोलीमा सहभागी खेलाडी**

**मधेश प्रदेशः**
हरि शङ्कर शाह (कप्तान), मयन यादव, साहिल पटेल, रुपेश सिंह, अभिषेक तिवारी, राजेश यादव, भुलवान साहनी, विशाल पटेल, हिमांशु दत्त, प्रदीप पासवान, अरफुदीन राइन, रञ्जित कुमार, राहुल मण्डल, शैलेन्द्र शाह, नीरज कुमार यादव

**नेपाल पुलिस क्लबः**
आरिफ शेख (कप्तान), कुशल भुर्तेल, गुलशन झा, करण केसी, ललित राजवंशी, अमित श्रेष्ठ, दिलीप नाथ, श्रवण यादव, सुनिल दौलयान, सागर ढकाल, शङ्कर राना, अभिनाश कर्ण, राशिद खान, अर्जुन साउद, दीपक सेरला

**बागमती प्रदेशः**
सन्दीप लामिछाने (कप्तान), सूर्य तामाङ, रिजन ढकाल, प्रतिश जिसी, उत्तम थापा मगर, आशुतोष घिरैया, रित गौतम, इशान पाण्डे, विपिन आचार्य, शुभ कंषाकार, रोहन विके, सुर्यांशु कोइराला, नन्दन यादव, प्रतीक श्रेष्ठ, तिलकराज भण्डारी

**त्रिभुवन आर्मी क्लबः**
विनोद भण्डारी (कप्तान), भीम सार्की, साहब आलम, सोमपाल कामी, सुमति श्रेष्ठ, पवन कार्की, आकाश चन्द, सन्तोष कार्की, इमरान शेख, त्रितराज दास, बसीर अहमद, विवेककुमार यादव, नरेन साउद, दुर्गेस गुप्ता, कुशल मल्ल

# सशस्त्र प्रहरीको शिविरमा ५ सय बढी लाभान्वित

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साले आयोजना गरेको स्वास्थ्य शिविरबाट भारतीय सीमावर्ती सहर भेलाहीसँगै जोडिएको पकहाँ मैनपुरका पाँच सयभन्दा धेरै सर्वसाधारणले स्वास्थ्य लाभ लिएका छन् । सीमा सुरक्षामा खटिएको सशस्त्र प्रहरीले जनतासँग सम्बन्ध सुधार गर्ने उद्देश्यले शनिबार पकहाँ मैनपुर गाउँपालिका–३ स्थित रामचरित्र भगवत माध्यमिक विद्यालयमा शिविर सञ्चालन गरेको शिविरमा ज्येष्ठ नागरिक, महिला, पुरुष तथा बालबालिकाको उल्लेखनीय सहभागिता रहेको थियो । सशस्त्र प्रहरी बलले प्रभु हस्पिटल एण्ड रिसर्च सेन्टर, स्वास्थ्य शिविर पकहाँ मैनपुर गाउँपालिका, वीरगंज सामुदायिक आँखा केन्द्र, रोहित फाउण्डेसन÷क्वेष्ट फर्मासिक्टिकलको सहयोगमा सञ्चालन गरेको शिविरमा स्त्री तथा प्रसुति रोग विशेषज्ञ सेवा, हाडजोर्नी सेवा, जनरल फिजिसियन र आँखा सम्बन्धि स्वास्थ्य सेवा उपलब्ध गराइएको थियो ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटरका गणपति राधेश्याम धिमालले सीमा क्षेत्रमा सुरक्षामा खटिने सशस्त्र प्रहरीले सीमाबासीसँग सम्बन्ध विस्तार गर्नका लागि स्वास्थ्य शिविर आयोजना गरेको जानकारी दिए । ‘सीमा सुरक्षामा तैनाथी रहने सशस्त्र प्रहरीले केन्द्रीय कार्यालयको निर्देशन अनुसार नै स्वास्थ्य शिविर गरेका हौं,’ उनले भने,‘स्वास्थ्य शिविरबाट सीमा क्षेत्रका जनता लाभान्वित हुनुभएको छ ।’ सो शिविरमा ज्येष्ठनागरिक, महिला तथा बालबालिकाको स्वास्थ्य जाँच गरेर निशुल्क रुपमा औषधी वितरण गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले सशस्त्र प्रहरी बलले सीमा क्षेत्रका जनताको स्वास्थ्य सुधार्नको लागि शिविर आयोजना गरेर स्रहानिय काम गरेको बताए । ‘यस्ता शिविर आगामी दिनमा पनि निरन्तरता दिन जरुरी छ,’ उनले भने ‘यसले सशस्त्र प्रहरी र जनताबीच सम्बन्ध सुधार्न मद्दत पु¥याउनेछ ।’

स्वास्थ्य शिविरमा स्त्री तथा प्रसुति रोग, हाडजोर्नी, जनरल फिजिसियन तथा आँखाको जाँच सेवा प्रदान गरिएको थियो । फिजिसियन डा. रविशंकर साह, स्त्री तथा प्रसुती रोग विशेषज्ञ डा. लक्ष्मी थापा, हाडहोर्नी विशेषज्ञ डा. अरविन्द साह, ,नेत्र अधिकृत महेशसिंह धामीसहितका सशस्त्र प्रहरीका स्वास्थ्यकर्मी विभिन्न खालको स्वास्थ्य सेवा उपलब्ध गराएका थिए ।

स्वास्थ्य शिविर कार्यक्रमका संयोजक दिलिपराज कार्कीले सशस्त्र प्रहरीले सीमा क्षेत्रमा कडाई गर्ने मात्रै नभएर जनतालाई स्वास्थ्य शिविर गरेर उदाहरणीय कार्य गरेको बताए । ‘सशस्त्र प्रहरीले सीमा क्षेत्रमा कडाई मात्रै गर्दैन । जनताको स्वास्थ्यप्रति पति सचेत रहेको देखाएको छ,’ उनले भने ‘यस्ता खालका स्वास्थ्य शिविर निरन्तर रुपमा गर्न जरुरी हुन्छ ।’ पकहाँ मैनपुर गाउँपालिका अध्यक्ष सुरेशप्रसाद मेहताले स्वास्थ्य शिविरबाट यहाँका जनताले घरदैलोमा स्वास्थ्य सेवा पाएको बताए ।

सो कार्यक्रममा जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक किशोर लम्साल, पकहाँ मैनपुर गाउँपालिकाकी उपाध्यक्ष सरफुन नेशा लगायतको उपस्थिति रहेको थियो ।

# पूर्वमन्त्री आलेलाई विश्वप्रसिद्ध हिन्दू रत्न अवार्ड प्रदान



**मधेशदृष्टि**
**काठमाडौँ ।**
विश्व हिन्दु महासङ्घले सांसद एवम् पूर्वमन्त्री प्रेमबहादुर आलेलाई हिन्दू रत्न अवार्ड प्रदान गरेको छ । महासङ्घले भारतको नयाँ दिल्लीस्थित खाटु श्याम दिल्ली धाममा आयोजना गरेको एक विशेष समारोहमा सांसद आलेलाई हिन्दू धर्म संरक्षण एवम् सम्बद्र्धनका अगुवा कालीबाबा शङ्कराचार्यसहित महासङ्घका पदाधिकारीहरुले उक्त अवार्ड प्रदान गरेका हुन् । महासङ्घले प्रत्येक पाँच वर्षमा विभिन्न देशका समाजसेवी, राजनीतिज्ञ, धर्मगुरु तथा सनातन हिन्दू धर्मको संरक्षण र सम्बद्र्धनमा विशिष्ट योगदान पु¥याउनेलाई यो अवार्ड प्रदान गर्दै आएको छ ।

हिन्दू धर्मको संरक्षण र सम्बद्र्धनका साथै सनातन हिन्दु धर्मावलम्बीहरुको सेवा तथा संरक्षणमा विशिष्ट योगदान पु¥याएको उल्लेख गर्दै आलेसहित विश्वका विभिन्न देशका विभिन्न व्यक्तित्वलाई उक्त अवार्ड प्रदान गरिएको हो । त्यसअवसरमा महासङ्घका अन्तर्राष्ट्रिय पदाधिकारीहरु, भारतका वरिष्ठ समाजसेवीहरु, नेपालका पूर्वउपराष्ट्रपति परमानन्द झासहित विभिन्न देशका वरिष्ठ प्रतिनिधिको उपस्थिति रहेको आलेका स्वकीय सचिव हेमन्त रेग्मीले जानकारी दिए । उक्त अवार्ड प्राप्त गर्नेमा बेलायतका पूर्वप्रधानमन्त्री ऋषि सुनक, भारतका समाजसेवीहरु एसएस अग्रवाल र निता अम्बानी, भारतीय उद्योगपति गीताञ्जली कर्लोस्कर, अमेरिकाका धर्म गुरु स्वामी जय पतका, भारतका समाजसेवी भगवान गङ्गाराम पाण्डे, राजश्री बिरला, श्रीलङ्काका बौद्ध धर्मगुरु थेरो सुमेधा, आर्या समाज सिङ्गापुरका अध्यक्ष ओमप्रकाश राईलगायत छन् । सांसद आलेले आफूलाई विश्वका विभिन्न देशका विशिष्ट व्यक्तित्वहरुसहित अवार्ड प्रदान गरेकोमा महासङ्घलाई विशेष धन्यवाद ज्ञापन गरे । त्यस अवसरमा भारतको समाजवादी पार्टीका महासचिव हेमानन्द गिरी, खाटु श्याम धामका अध्यक्ष घनश्याम गुप्ता, विश्व हिन्दू महासङ्घका अध्यक्ष एवम् भारतका पूर्वमन्त्री डा अजय सिंहले राजनीति, समाजसेवा तथा आध्यात्मिक क्षेत्रमा विशिष्ट योगदान पु¥याएका विभिन्न देशका विशिष्ट व्यक्तित्वलाई सम्मान गर्न पाएकामा महासङ्घ तथा खाटु श्याम दिल्ली धामका तर्फबाट धन्यवाद ज्ञापन गरेका थिए । रासस

# मेयर सिंहद्वारा नारायणी अस्पतालको अनुगमन




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले वीरगंजस्थित नारायणी अस्पतालको अनुगमन गरेका छन् । उनले नारायणी अस्पताल र ऐश्वर्य प्रसुती गृहको सरसफाइको विषयमा अनुगमन गरेको ग्रिनसिटी सामुदायीक प्रहरी सेवा केन्द्र आदर्शनगरका अध्यक्ष जय प्रकाश खेतानले जानकारी दिए । नगर प्रमुख सिंहले अस्पतालको अनुगमन गर्दै अस्पताल क्षेत्रमालाई सधैँ सफा र स्वच्छ राख्नुपर्ने बताए । उनले वीरगंजलाई सफा र स्वच्छ सहर बनाउने लक्ष्य रहेको हुँदा नगरभित्र रहेको नारायणी अस्पतालको सरसफाईमा समेत महानगरपालिकाको ध्यान केन्द्रीत रहेको बताए । यसका लागी नगरपालिका हरसम्भव प्रयास गर्ने बताए । उनले स्वास्थ्य जस्तो संवेदनशिल क्षेत्रमा महानगरपालिकाले कुनै पनि लापरवाही नसहने बताउँदै सरसफाईमा विशेष ध्यान दिन अस्पताल प्रशासनलाई निर्देशन समेत दिए । नारायणी अस्पतालका मेसु डा. चुमनलाल दासले पनि समस्या समाधानका लागि तत्काल पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । अनुगमनका क्रममा सहभागी पदाधिकारीहरूले संस्थागत सरसफाइ व्यवस्थापन सुधार्न सामूहिक प्रयास आवश्यक रहेकोमा सहमति जनाए । निरीक्षण कार्यक्रममा नगर प्रमुख सिंहसँगै ग्रिनसिटीका अध्यक्ष जय प्रकाश खेतान, नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट चुमनलाल दास, अस्पताल विकास समितिका अध्यक्ष धिरज गुप्तालगायतको सहभागीता रहेको थियो । नारायणी अस्पतालमा विशेष गरेर मधेश प्रदेश अन्तर्गत पर्सा, बारा, रौतहट लगायतका जिल्लाका बिरामी उपचारका लागि आउने गर्दछन् । बिरामीको अत्यधिक चाप हुने यस अस्पताल सरसफाइ अभावमा सेवाग्राही दुर्गन्धिबाट सास्ती खेप्न बाध्य थिए । यही अवस्थालाई मध्यनजर राखेर वीरगंज महानगरले सफाइकर्मी खटाएर गत २०८० साल साउन १ गतेबाट अस्पतालको सरसफाइ शुरु गरेको थियो ।

# प्याब्सन पर्साको नेतृत्वका लागि चौधरी र गुप्ताबीच प्रतिस्पर्धा

**मधेशदृष्टि**
**वीरगंज ।**
निजी तथा आवासीय विद्यालय अर्गनाईजेशन (प्याब्सन) पर्साको नयाँ नेतृत्वको लागि आईतबार अधिवेशन हुने भएको छ । वीरगंजको भिस्वा होटलमा हुने १६ औं अधिवेशनबाट (प्याब्सन) पर्साको नयाँ नेतृत्व चयन गर्ने छ । नेतृत्वका लागि यसपटक हालका वरिष्ठ उपाध्यक्ष सरोज चौधरी र उपाध्यक्ष शिव गुप्ताबीच चुनावी प्रतिस्पर्धा हुने भएको छ । दुवैजनाले आफ्नो चुनावी अभियानलाई तीव्र बनाएका छन् । प्याब्सन पर्साको नेतृत्व सहमतिमै चयन हुँदै आएकोमा यसपटक नयाँ कार्य समितिका लागि निर्वाचन नै हुने सम्भावना देखिएको छ । सहमतिय प्रणालीमा गएमा पदीय मर्यादा अनुसार वरिष्ठ उपाध्यक्ष चौधरी नै प्याब्सन पर्साको अध्यक्ष स्वतः हुने छन् । सहमति प्रणालीमा कार्यसमिति चयन हुन नसकेमा लोकतान्त्रिक विधिबाट निर्वाचन मार्फत नेतृत्व चयन हुनेछ । कूल ५१ सदस्य संख्या रहेको प्याब्सन पर्सामा ४८ जनाको मताधिकार रहेको छ । पछिल्लो पटक थप भएका तीनजना भने पर्यवेक्षकको रुपमा रहनेछन् । पर्साको शैक्षिक विकासमा महत्वपूर्ण भूमिका खेल्दै आएको प्याब्सन पर्सा सामाजिक क्षेत्रमा समेत योगदान गर्दै आएको छ ।

# २०८४ मा एमालेको एकलौटी सरकार हुने शर्माको दाबी

**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एमाले पर्साका अध्यक्ष विश्वभर शर्माले २०८४ मा एमालेको एकलौटी सरकार हुने दाबी गरेका छन् । वीरगंज महानगरपालिका वडा नम्बर ५ कुम्हालटोलमा शनिबार नेकपा एमालेको पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष शर्माले विगतका मधेशवादी दलहरूले मधेशी जनताको हक अधिकारका लागि नभई आफ्नो व्यक्तिगत स्वार्थलाई पूर्ती गर्न लागिपरेको आरोप लगाए । उनले एमालेले कुनै सम्झौता नगरी नाकाबन्दी खुलाएको र जनतालाई सिटामोललगायतका अत्यावश्यक वस्तुहरूको पहुँच दिलाएको जिकिर गरे । नेकपा एमाले वडा नम्बर ५ कमिटिद्वारा आयोजित पार्टी प्रवेश कार्यक्रममा १ सय ४१ जनाले पार्टी प्रवेश गरेका छन् । सो कार्यक्रममा नेपाली कांग्रेस पार्टी परित्याग गरी संतोष खनाल, डा. निरज चौधरी र प्रभाकर गुप्ता (झब्बु) सहित अन्य केही नेता एवम् कार्यकर्ताहरूले नेकपा एमालेमा प्रवेश गरेका थिए । पूर्व वडा अध्यक्ष प्रदीप सिंह ठकुरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेकपा एमाले पर्साका सचिव महेश दास, ५ का वडा अध्यक्ष प्रदीप चौरसिया, मान्देव हजरालगायत पार्टीका नेता कार्यकर्ता, वडाबासीहरुको सहभागिता रहेको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन